
'न्यायप्रेमी युवाहरू राष्ट्रिय युवा संघमा, सामाजिक परिवर्तन युवाको काँधमा'



**"सुसाशन, समृद्धि, राष्ट्रियता,**

**नवीनता, सृजनशीलता, गतिशीलता"**

# राष्ट्रिय युवा संघ नेपालको

# विधान

# २०४७

(नवौं राष्ट्रिय महाधिवेशन नेपालगञ्ज, बाँके २०७९ चैत्र २७-२९ को संशोधन सहित)

## प्रस्तावना

युवाहरुको अग्रणी भूमिका सहित नेपाली जनताले विभिन्न समयमा गरेका शान्तिपूर्ण आन्दोलन, सङ्घर्ष र क्रान्तिको जगमा निर्माण भएको नेपालको संविधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा, विकास र सुदृढीकरण गर्दै, नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, राष्ट्रिय हित र स्वाभीमानलाई बलियो बनाउँदै, सम्पूर्ण प्रगतिशील, देशभक्त, जनवादी युवाहरुलाई गोलबन्द गर्दै, जनताको बहुदलीय जनवादको मार्गदर्शनमा सबै खाले उत्पीडन, शोषण र विभेदलाई अन्त्य गरी सामाजिक न्याय र समानतामा आधारित **'समृद्ध नेपाल र सुखी नेपाली'**को राष्ट्रिय आकाङ्क्षा साकार पार्न, साम्यवादतर्फ उन्मुख समाजवादका आधार निर्माण गर्न एवं संविधान, प्रचलित कानुन र अन्तर्राष्ट्रिय सन्धीहरुले प्रत्याभूत गरेका युवाहरुका हित र अधिकारलाई स्थापित गर्दै उनीहरुलाई सामाजिक-आर्थिक रुपान्तरणको अग्रणी शक्तिका रुपमा स्थापित गर्ने उद्देश्यले राष्ट्रिय युवा सङ्घ नेपालको स्थापना भएको हो ।

## भाग-१

धारा १. नाम : नेपाली भाषामा राष्ट्रिय युवा संघ नेपाल र अंग्रेजी भाषामा National Youth Federation Nepal रहनेछ । छोटकरीमा 'रायुसंने' र अंग्रेजीमा NYFN रहनेछ ।

धारा २. विधान मूल कानुन : यो विधान राष्ट्रिय युवा संघ नेपालको मूल कानुन हो । यस विधानसँग बाझिने नियम बाझिएको हदसम्म अमान्य हुनेछ ।

धारा ३. अधिकार : राष्ट्रिय युवा संघ नेपालको सम्पूर्ण अधिकार राष्ट्रिय युवा संघ नेपालका सदस्यहरुमा निहित रहेको छ । यसको प्रयोग यस विधानमा व्यवस्था भए बमोजिम हुनेछ ।

धारा ४. झण्डा र परिभाषा : राष्ट्रिय युवा संघ नेपालको झण्डा समानुपातिक भागमा विभाजित माथि रातो र तल नीलो रंगको पृष्ठभूमि भएको समकोणीय चतुर्भुज आकारमा रहेको हुनेछ । यसको लम्बाइ ३:२ अनुपातमा हुने छ । झण्डाको बीच भागमा सेतो पाँचकुने तारा रहेको हुने छ । ताराको पाँचकुनामध्ये तीन कुना रातो भाग र दुई कुना नीलो भागतर्फ फर्किएको हुने छ । रातो भागमा अवस्थित ताराको तीन कुनामध्ये बीचको कुना माथितिर ९० डिग्रीमा फर्किएको हुने छ ।

रातो र नीलो पृष्ठभूमिमा अंकित पाँचकुने सेतो तारा रहेको राष्ट्रिय युवा संघ नेपालको झण्डाले संक्षिप्तमा परिवर्तन, निर्माण र युवा शक्तिको तेजलाई संकेत गर्दछ । झण्डामा रहेको रातो रंगले परिवर्तन, क्रान्ति, गतिशीलता, विद्रोह, संघर्ष, बलिदानी र प्रतिरोधी भावनालाई प्रतिबिम्बित गर्दछ भने नीलो रंगले युवा शक्तिमा रहेको सिर्जनशीलता, नवीनता, रचनात्मकता, निर्माण, शान्ति, सुशासन, समृद्धि र विकासको चाहनालाई अभिव्यक्त गर्दछ । झण्डाको बीच भागमा रहेको सेतो ताराको तीन कुना माथिल्लो रातो भाग र दुई कुना तल्लो नीलो भागतर्फ फर्किएर रहेको छ, जसले युवा शक्तिको मूल कार्य भनेको राजनैतिक, सामाजिक, सांस्कृतिक र आर्थिक रुपान्तरणका लागि संघर्षरत रहनु हो भन्ने कुरालाई बुझाउँछ ।

धारा ५. स्थापना मिति : संघको स्थापना वि.सं. २०४७ जेठ १ गते तदनुसार १५ मे, १९९० सन्लाई मानिने छ ।

धारा ६. प्रारम्भ : यो विधान तुरुन्त लागू हुने छ ।

धारा ७. छाप र लोगो : अनुसूची १ मा उल्लेख गरेअनुसारको संघको आफ्नो छुट्टै छाप र लोगो हुने छ ।

धारा ८. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

क) "विधान" भन्नाले राष्ट्रिय युवा संघ नेपालको विधान-२०७९ सम्झनु पर्ने छ ।

ख) "संघ" भन्नाले राष्ट्रिय युवा संघ नेपाललाई सम्झनु पर्ने छ ।

ग) "सदस्यता" भन्नाले राष्ट्रिय युवा संघ नेपालको सदस्यता सम्झनु पर्ने छ ।

घ) "पार्टी" भन्नाले नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) भन्ने सम्झनु पर्ने छ ।

ङ) "महाधिवेशन" भन्नाले राष्ट्रिय युवा संघ नेपालको राष्ट्रिय महाधिवेशन सम्झनु पर्ने छ ।

च) "अधिवेशन" भन्नाले राष्ट्रिय युवा संघ नेपालको अधिवेशन सम्झनु पर्ने छ ।

छ) "कमिटी" भन्नाले राष्ट्रिय युवा संघ नेपालका कमिटी सम्झनु पर्ने छ ।

ज) "पदाधिकारी" भन्नाले राष्ट्रिय युवा संघ नेपालका पदाधिकारी सम्झनु पर्ने छ ।

झ) "निकाय" भन्नाले राष्ट्रिय युवा संघ नेपालको विधानमा व्यवस्था भएका केन्द्रीय निकायलाई सम्झनु पर्ने छ ।

ञ) "निर्वाचन क्षेत्र" भन्नाले राष्ट्रिय युवा संघ नेपालको महाधिवेशन/अधिवेशनमा अध्यक्ष मण्डलले तोकेको निर्वाचन क्षेत्रलाई सम्झनु पर्ने छ ।

ट) "गणपुरक संख्या" भन्नाले कमिटीको ५१ प्रतिशत संख्यालाई सम्झनु पर्ने छ ।

ठ) "नियमावली" भन्नाले राष्ट्रिय युवा संघ नेपालको केन्द्रीय कमिटीद्वारा जारी गरिएको नियमावली सम्झनु पर्ने छ ।

ड) "निर्देशिका" भन्नाले राष्ट्रिय युवा संघ नेपालले आवश्यकता अनुसार निर्माण गरी जारी गरेका निर्देशिकालाई सम्झनु पर्ने छ ।

## भाग-२

धारा ९. उद्देश्यहरू :

(क) जनताको बहुदलीय जनवादको मार्गदर्शनमा सामाजिक-आर्थिक रुपान्तरण र समाजवाद-उन्मुख राज्य निर्माणका लागि युवाहरुलाई सचेत, जागरुक, सङ्गठित र परिचालित गर्ने ।
(ख) सबै प्रगतिशील, देशभक्त र जनवादी युवाहरुलाई गोलबन्द गर्दै सशक्त युवा आन्दोलन निर्माण गर्ने ।
(ग) न्याय, समानता, मानव अधिकार र शान्तिका पक्षधर युवाहरुसँग अन्तर्राष्ट्रिय रुपमा ऐक्यवद्धता र सहकार्य गर्ने ।
(घ) नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्त जनताको बहुदलीय जनवादद्वारा युवाहरुलाई प्रशिक्षित गर्दै उनीहरुमा देशभक्तिपूर्ण, लोकतान्त्रिक र समाजवादी चेतना विकास गर्ने ।
(ङ) युवाहरुको व्यक्तित्व विकासका लागि अनुकूल वातावरण निर्माण गर्दै उनीहरुभित्रको उर्जा, ज्ञान, सीप र सङ्कल्पलाई प्रस्फुटित गर्ने ।

(च) सहकार्य, ऐक्यवद्धता, स्वयंसेवा, श्रमशील एवं उत्पादनमूलक चेतना एवं शैलीको विकास गर्दै नेकपा (एमाले)का नेता कार्यकर्ता उत्पादन गर्ने मञ्चका रुपमा विकास गर्ने ।

धारा ९.१. उद्देश्य प्राप्तिका लागि गरिने कार्यहरू

क. संघीय लोकतान्त्रिक गणतन्त्र नेपालप्रति प्रतिबद्ध रही आधुनिक, उन्नत, समृद्ध र समाजवादी राष्ट्र निर्माणमा आम युवाहरुलाई क्रियाशील गराइने छ ।

ख. युवालाई देश विकासको मूल शक्तिको रुपमा सचेतीकरण र संगठित गर्दै सार्वजनिक सम्पत्तिको सुरक्षा, संरक्षण एवं विकास निर्माणका हरेक प्रक्रिया र कार्यहरुमा परिचालित गरिने छ ।

ग. युवाको हक, हित, अधिकार र सुरक्षा गर्न उनीहरुमा रहेको प्रतिभा प्रस्फुटन एवं बहुमुखी व्यक्तित्व विकासका लागि विभिन्न आन्दोलन र अभियानहरु सञ्चालन गरिने छ ।

घ. युवाहरुलाई राजनीतिक, सामाजिक, साँस्कृतिक, आर्थिक क्षेत्र र नीति निर्माणको तहमा विकास गरी निर्णायक कार्यान्वयनकर्ताको रुपमा परिचालन गरिने छ ।

ङ. शोषित-उत्पीडित वर्ग, जाति, क्षेत्र, लिंग, पेशा-व्यवसाय र समूह/समुदायहरुको हक अधिकारका लागि आन्दोलनका आवश्यक कार्यक्रम संचालन गर्नुको साथै यस्ता समुदायहरुले संचालन गर्ने कार्यक्रमहरुमा सहयोग, सहभागिता एवं ऐक्यबद्धता जनाइने छ ।

च. राजनीतिक स्थायित्व, दिगो विकास, शान्ति, समृद्धि र सुशासनलाई प्राथामिता दिँदै युवाहरुलाई बौद्धिक र भौतिक विकास निर्माणको कार्यमा परिचालित गरिने छ ।

छ. संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगालिक अखण्डता, राष्ट्रियता, स्वाधीनता र स्वाभिमानको रक्षाको लागि जनसमुदायमा देशभक्तिपूर्ण भावनाको विकास गराइने छ ।

ज. राष्ट्रिय पुँजीको विकास र आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्न युवाहरुलाई ज्ञान, सीप-दक्षता सहित सक्षम, व्यावसायिक र उद्यमशील शक्तिका रुपमा परिचालन गरी समाजवादी अर्थतन्त्र भएको, औद्योगिक, आधुनिक र विकसित मुलुक निर्माण गर्न अभियान सञ्चालन गरिने छ ।

झ. देशभित्र र बाहिर रहेका प्रगतिशील विचार, सिद्धान्त, कार्यक्रम र कार्यशैली बोकेका युवा संगठनहरुसँग भाइचाराको सम्बन्ध स्थापना, विकास र विस्तार गरी आवश्यकता अनुसार सहकार्य गरिने छ ।

ञ. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा संचालन हुने शान्ति, विकास र समृद्धिका अभियान तथा मुक्ति र स्वाधिनताका न्यायपूर्ण आन्दोलनको पक्षमा सहभागिता र ऐक्यबद्धता जनाइने छ ।

ट. समाजवादी अर्थव्यवस्था निर्माणका लागि दलाल आर्थिक चरित्रलाई अन्त्य गर्ने, पुँजीवादी शोषण र उत्पीडनका विरुद्धमा युवाहरुलाई सचेत, संगठित र परिचालित गरिने छ ।

ठ. साम्राज्यवाद, विस्तारवाद, प्रभुत्ववाद, अधिनायकवाद, हैकमवाद, रंगभेद र जातिवाद विरोधी आन्दोलनका पक्षमा आम युवाहरुलाई सचेत, संगठित र परिचालित गरिने छ ।

ड. सशस्त्र होडबाजी र युद्धनीतिको विरोध गर्दै विश्व शान्ति, मानव अधिकार, आपसी भाइचारा, लोकतन्त्र र सुशासनका पक्षमा वकालत गरिने छ ।

ढ. वैज्ञानिक चिन्तन प्रणालीका आधारमा मार्क्सवाद-लेनिनवाद, जनताको बहुदलीय जनवाद जस्ता क्रान्तिकारी विचार/दृष्टिकोण निर्माण गर्न/गराउन युवा लक्षित विशेष कार्यक्रम सञ्चालन गरिने छ।

ण. युवाहरुलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा खेलकुदका विभिन्न विधाहरुमा क्रियाशील र प्रतिस्पर्धी बनाउन क्षमता अभिवृद्धिका विविध कार्यक्रम सञ्चालन गरिने छ भने खेलकुद क्षेत्रको समग्र विकासका लागि विशेष पहल गरिने छ।

त. स्वस्थ र स्वच्छ समाज निर्माणका लागि युवाहरुलाई विभिन्न कुलत तथा दुर्व्यसनबाट मुक्त गर्ने/गराउने अभियानको नेतृत्व गरिने छ।

थ. समाजमा रहेका असल संस्कृतिको रक्षा र प्रवर्द्धन गरी, रुढीवादी कुरीति, कुसंस्कार र परम्पराको अन्त्यका लागि देशभक्त र प्रगतिशील कला, साहित्य तथा संस्कृतिको निर्माण गर्दै सामाजिक परिवर्तनका विभिन्न अग्रगामी अभियानमा युवाहरुलाई सहभागी तथा परिचालन गरिने छ।

द. विभिन्न किसिमका अपाङ्गता (मानसिक तथा शारीरिक) भएका युवाहरुलाई राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक लगायतका क्षेत्रहरुमा विशेष अवसरका लागि पहल गरिने छ।

ध. युवाहरुको खाद्य, अवास, शिक्षा, स्वास्थ्य, रोजगारी, श्रम र सामाजिक सुरक्षा लगायत संविधान प्रदत्त मौलिक हक सहित संविधानतः प्राप्त अधिकारलाई प्रभावकारी कार्यान्वयन एवं सुनिश्चितता र थप प्राप्तिका लागि विशेष पहलको नेतृत्व गरिने छ।

न. दक्षिणपन्थी अवसरवाद, जडसूत्रवाद, संशोधनवाद, वामपन्थी सङ्कीर्णतावाद, उग्रवामपन्थी अतिवाद र विसर्जनवादका विरूद्ध आमयुवा समुदायलाई मार्क्सवाद, लेनिनवाद र जनताको बहुदलीय जनवादको आधारमा संगठित गर्दै समाजवादको दिशामा अघि बढिने छ।

प. संघ, प्रदेश तथा स्थानीय तहमा जनतालाई छिटोछरितो सेवा-सुविधा दिलाउन युवा शक्तिलाई परिचालन गरिने छ।

फ. जनअधिकार र जनजीविकाको समस्या हल गर्न युवा शक्तिलाई आमूल परिवर्तनकारी आन्दोलनको सहयोगी शक्तिका रुपमा विकास र परिचालन गरिने छ।

ब. जल, जमिन, जंगल, जडीबूटी, पर्यटन लगायतका प्राकृतिक स्रोत साधनहरुको उपयोग तथा वातावरणको संरक्षण-सम्बर्द्धन गर्न एवं प्राकृतिक प्रकोप र बढदो तापमानका विरुद्ध युवा समुदायलाई परिचालन गरिने छ।

भ. युवा शक्तिलाई राज्यको विशेष शक्तिको रुपमा सचेत र संगठित गर्दै राज्यले चाहेको बखतमा आम युवाहरूलाई राज्यको सेवामा परिचालन गरिने छ।

म. विज्ञान, प्रविधी, सुचना र सञ्चार क्षेत्रबाट अभूतपुर्व रुपमा बदलिँदो विश्व परिवेशलाई आवश्यक युवा शक्ति तयार गरिने छ।

य. मौलिक सीप, कला र उत्पादनलाई आधुनिकीकरण गरी प्राथमिकता दिदै आर्थिक आत्मनिर्भरता, उद्यमशीलता र रोजगारीको सिर्जना गरिने छ।

## भाग-३

धारा १०. सदस्यता : संघको एक छुट्टै सदस्यता रहने छ । सदस्यता प्राप्ति र खारेजीको आधार तल उल्लेख भए बमोजिम हुनेछ ।

धारा १०.१. सदस्यता पाउने आधार र योग्यता :

क. १६ देखि ४० वर्षसम्मको नेपाली नागरिक भएको हुनुपर्ने । (१६ वर्ष भन्नाले १५ वर्ष ११ महिना २९ दिन पूरा भएको अर्थमा बुझिने छ भने ४० वर्ष भन्नाले ३९ वर्ष ११ महिना २९ दिनसम्मलाई बुझिनेछ)

ख. राष्ट्रिय युवा संघ नेपालको विधान र कार्यक्रमलाई निःशर्तरुपमा पालना गर्नु पर्ने ।

ग. फौजदारी अभियोग प्रमाणित नभएको ।

घ. मानसिक सन्तुलन ठीक भएको ।

ङ. नयाँ सदस्यता प्रदानका लागि कम्तीमा एक पटक नवीकरण गर्न उमेर अवधि बाँकी रहेको हुनुपर्ने छ ।

च. बहुविवाह गरेको प्रमाणित नभएको ।

धारा १०.२ सदस्यता प्राप्तिको प्रक्रिया :

क) सदस्य हुन धारा १०.१ अनुसार योग्यता पुगेको इच्छुक व्यक्तिले अनुसूची २ अनुसारको फारम भरेर निवेदन सहित सदस्यता माग गर्ने ।

ख) निवेदन प्राप्त भएपछि कमिटी वा कमिटीले तोकेको जिम्मेवार व्यक्तिले अनुसूची-३ मा उल्लिखित ढाँचाको सदस्यता प्रदान गर्ने ।

ग) धारा १०.२ को (क) मा तोकिए बमोजिमको फारम संकलन गरी टोल कमिटीले वडा कमिटी समक्ष, वडा कमिटीले पालिका कमिटी समक्ष, पालिका कमिटीले जिल्ला कमिटी समक्ष, जिल्ला कमिटीले प्रदेश कमिटी समक्ष र प्रदेश कमिटीले केन्द्रीय कमिटी समक्ष पेश गर्ने छ ।

घ) सदस्यताको विवरण प्राप्तिपछि केन्द्रीय कमिटीले अभिलेखीकरण गरी सदस्यताको नम्बर निश्चित गर्ने छ ।

ङ) सदस्यताको सम्पूर्ण विवरण केन्द्रीय कमिटीमा राखिने छ । अभिलेखीकरण गर्दा व्यक्तिको व्यक्तिगत गोपनियताको विशेष ख्याल गरिने छ ।

च) सदस्यता प्राप्ति पश्चात् सदस्यता शुल्क बापत सय (रु.१००) रुपियाँ बुझाई वार्षिक सदस्यता नियमित नवीकरण गर्नु पर्नेछ ।

छ) सदस्यताबाट प्राप्त शुल्क रु. १०० मध्ये पालिका कमिटीलाई रु. २०।- जिल्ला कमिटीमा रु. २०।- र प्रदेश कमिटीलाई रु. १० राखी बाँकी रहेको रु. ५०।- केन्द्रीय कमिटी समक्ष बुझाउनु पर्नेछ ।

धारा १०.३ सदस्यता खारेजी

क) संगठनको हित विपरीत हुने गरी कार्य गरेमा ।

ख) संगठनको गोपनियता भंग गरेमा ।

ग) स्वेच्छाले सदस्यता त्यागेमा ।

घ) फौजदारी अभियोग प्रमाणित भएमा ।

ङ) अनुशासनको कारबाहीमा परेमा ।

च) मृत्यु भएमा ।

छ) मानसिक सन्तुलन गुमाएमा ।

ज) बहुविवाह गरेको प्रमाणित भएमा ।

झ) धारा १०.२ को 'च' बमोजिम नभएमा ।

द्रष्टव्य : कारबाही वा सदस्यता खारेजीपूर्व स्पष्टीकरणको मौका दिइने छ ।

धारा १०.४ <u>सदस्यहरुको काम, कर्तव्य र अधिकार :</u>

क) राष्ट्रिय युवा संघ नेपालको विधानलाई निःशर्तरुपमा पालना गर्ने ।

ख) संघका हरेक निर्णयलाई कार्यान्वयन गर्ने ।

ग) सामाजिक न्यायका लागि क्रियाशील रहने ।

घ) देशभक्त, प्रगतिशील र जनवादी चरित्र निर्माण गर्न सक्रिय रहने ।

ङ) समाजको अग्रगामी परिवर्तनको लागि सदैव क्रियाशील रहने ।

च) मार्क्सवाद, लेनिनवाद र जनताको बहुदलीय जनवादलाई आत्मसात गरी संगठनले तोकेको जिम्मेवारी पूरा गर्ने ।

छ) हरेक सदस्यले उत्पादन र व्यावसायिक कार्यमा सहभागी भई राज्यले तोकेको नियमानुसार आफ्नो आम्दानीको निश्चित प्रतिशत राज्यलाई राजश्व तिर्ने तथा अरुलाई राजश्व तिर्न उत्प्रेरित गर्ने ।

ज) देशको आर्थिक, भौतिक, सामाजिक तथा साँस्कृतिक विकासको लागि सक्रिय सहभागी हुने ।

झ) राष्ट्रियता, लोकतन्त्र, राष्ट्रिय एकता, सार्वभौमसत्ता र भौगलिक अखण्डताको लागि सचेततापूर्वक क्रियाशील रहने ।

## भाग-४

धारा ११. सांगठनिक संरचना : राष्ट्रिय युवा संघ नेपालको सांगठनिक संरचना अनुसुचि ५ बमोजिमको हुनेछ ।

११.१ राष्ट्रिय महाधिवेशन

११.२ केन्द्रीय युवा परिषद्

११.३ केन्द्रीय कमिटी पदाधिकारी सहित २९९ सदस्यहरु रहनेछ ।

११.४ केन्द्रीय आयोगहरु (केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा आयोग केन्द्रीय निर्वाचन आयोग) र युवा विज्ञ परिषद् रहनेछ ।

धारा ११.१ राष्ट्रिय महाधिवेशन : संगठनको सर्वोच्च निकाय राष्ट्रिय महाधिवेशन हुने छ । यसको आयोजना केन्द्रीय कमिटीले प्रत्येक २ वर्षमा गर्नुपर्ने छ ।

धारा ११.२ केन्द्रीय युवा परिषद : केन्द्रमा एक केन्द्रीय युवा परिषद रहने छ । परिषद्को बैठक प्रत्येक वर्ष एक पटक बस्नेछ र बैठकको अध्यक्षता अध्यक्षले गर्ने छ । परिषद्मा अधिकतम १०% सम्म केन्द्रीय कमिटीले मनोनित गर्ने छ भने राष्ट्रिय प्रतिनिधि परिषद्को बाँकी सदस्य धारा २० अनुसार हुनेछ ।

धारा ११.३ केन्द्रीय कमिटी :

(क) संगठनको नेतृत्वदायी तथा कार्यकारीणी अङ्गका रुपमा केन्द्रीय कमिटी हुने छ ।

(ख) केन्द्रीय कमिटी राष्ट्रिय महाधिवेशन र केन्द्रीय युवा परिषदप्रति उत्तरदायी हुने छ ।

(ग) महाधिवेशनले १७ जना पदाधिकारी सहित २९९ सदस्यीय केन्द्रीय कमिटी निर्वाचित गर्ने छ ।

(घ) केन्द्रीय पदाधिकारीको स्वरुप समावेशी चरित्रको हुने छ । पदाधिकारीमध्ये उपाध्यक्ष, उप-महासचिव र सचिव पदहरुमा भौगोलिक, जातीय, लिंगीय, पिछडिएको क्षेत्र लगायत आवश्यक समावेशी मापदण्डलाई सम्बोधन गर्ने गरी पदाधिकारी निर्वाचित गराउन सक्ने छ ।

(ङ) कुल निर्वाचित संख्याको १० प्रतिशत नबढ्ने गरी केन्द्रीय कमिटीले मनोनित गर्नसक्ने छ ।

(च) केन्द्रीय कमिटीमा महिलाको सख्या ३३ प्रतिशत रहनेछ ।

(छ) केन्द्रीय कमिटी अन्तर्गत निम्नानुसारको ३५ केन्द्रीय विभागहरू रहने छन् ।

१) संगठन विभाग, २) कार्यालय विभाग, ३) प्रचार विभाग, ४) प्रशिक्षण विभाग, ५) आर्थिक विभाग, ६) विदेश विभाग, ७) महिला विभाग, ८) युथ फोर्स विभाग, ९) प्रकाशन विभाग, १०) विकास निर्माण, उत्पादन तथा समृद्धि विभाग, ११) कृषि विभाग, १२) सहकारी विभाग, १३) विज्ञान तथा प्रविधि विभाग, १४) शिक्षा विभाग, १५) खेलकुद विभाग, १६) श्रम तथा रोजगार विभाग, १७) पेशागत विभाग, १८) पर्यटन विभाग, १९) सार्वजनिक वित्त विभाग, २०) उद्योग विभाग, २१) स्वास्थ्य विभाग, २२) साइबर सर्कल विभाग, २३) सामाजिक सेवा विभाग, २४) कला, साहित्य तथा संस्कृति विभाग, २५) प्राकृतिक प्रकोप तथा विपद

व्यवस्थापन विभाग, २६) स्वयम् सेवक विभाग, २७) प्राकृतिक स्रोत साधन विभाग, २८) वन, वातावरण तथा पर्यावरण विभाग, २९) कानुन, न्याय तथा सुशासन विभाग, ३०) मानव अधिकार विभाग, ३१) समारोह व्यवस्थापन विभाग, ३२) नीति योजना तथा अनुसन्धान विभाग, ३३) रचनात्मक विभाग, ३४) ज्ञान तथा सीप विकास, ३५) नेतृत्व विकास विभाग

(ज) केन्द्रीय कमिटीले विशेष परिस्थितिमा विभागहरूको संख्या थपघट गर्न सक्ने छ । तर, मातहतका कमिटीहरुमा संगठन विभाग, प्रचार विभाग, प्रशिक्षण विभाग, प्रकाशन विभाग, आर्थिक विभाग, महिला विभाग, युथ फोर्स विभाग, खेलकूद विभाग, सहकारी विभाग, प्राकृतिक स्रोत साधन विभाग, साइबर सर्कल विभाग, रचनात्मक विभाग र कृषि विभाग मात्र गठन गर्न सकिने छ ।

(झ) युथ फोर्स र साइबर सर्कल विभाग विशेष उद्देश्य र अभियान केन्द्रीत विभागहरु भएको हुँदा यी दुई विभागलाई वडा तहसम्म गठन गर्ने जसमा उमेर र संख्याको हदबन्दी सम्बन्धमा केन्द्रीय कार्यालयसँग समन्वयगरी लचकता अपनाउन सकिनेछ । युथ फोर्स केन्द्रीय विभागका अलावा सेन्ट्रल कमान्ड, प्रदेश कमान्ड, जिल्ला कमान्ड, पालिका कमान्ड, वडा कमान्ड तथा बुथ कमान्डसम्म गठन गर्नुपर्नेछ ।

(ञ) केन्द्रीय विभागका प्रमुख र उप-प्रमुख केन्द्रीय कमिटीबाट रहने छन् भने सचिव केन्द्रीय कमिटीले तोक्ने छ ।

ट) विभागको निर्णयहरू केन्द्रीय कमिटीको बैठक वा बैठक नभएको स्थितिमा पदाधिकारी बैठकबाट अनुमोदन गराउनु पर्नेछ । मातहतका कमिटीमा रहेका विभागले पनि सम्बन्धित कमिटीबाट निणर्य अनुमोदन गर्नु पर्ने छ ।

(ठ) केन्द्रीय सदस्यहरू बाहेक विभागका सचिवहरुको मर्यदा (बरियता) केन्द्रीय कमिटी सदस्य सो सरह र अन्य विभागीय सदस्यहरूको मर्यादा (बरियता) प्रदेश कमिटी सदस्य सरह हुने छ । मातहतका कमिटीमा रहेका विभागीय सदस्यहरुको हैसियत एक तह तल्लो कमिटीको सदस्य सरह हुने छ ।

धारा ११.४. पदाधिकारीहरु : केन्द्रीय कमिटीमा अध्यक्षदेखि सचिवसम्म रहेका १७ सदस्यीय पदाधिकारीको व्यवस्था कायम गरिएको छ । जसमा अध्यक्ष १, उपाध्यक्ष ७, महासचिव १, उपमहासचिव २, सचिव ६ रहनेछन् भने तीन आयोगका प्रमुखहरु, १ युवा विज्ञ परिषद् प्रमुख, कार्यालय विभाग प्रमुख र WFDY उपाध्यक्ष पदेन सदस्य रहने छन् ।

धारा ११.५ सचिवालय कमिटी : केन्द्रीय पदाधिकारीहरु १७ जना, आयोगका प्रमुखहरु ३ जना, १ युवा विज्ञ परिषद् प्रमुख सहित स्थायी कमिटीको ३३% नबढ्ने गरी पदाधिकारी सरहको एक सचिवालय कमिटी रहने छ ।

धारा ११.६. स्थायी कमिटी : केन्द्रीय कमिटीमा रहेका पधाधिकारीहरू सहित केन्द्रीय कमिटीको ३३% नबढ्ने गरी एक स्थायी कमिटी रहने छ ।

धारा ११.७. केन्द्रीय आयोग : राष्ट्रिय युवा संघ नेपालको तीनवटा स्वायत्त आयोग रहने छ र एक युवा विज्ञ परिषद् रहनेछ ।

धारा ११.८. केन्द्रीय लेखा आयोग

(क) राष्ट्रिय युवा संघ नेपालको केन्द्र तथा मातहतको लेखा प्रणालीलाई अनुगमन, सुपरिवेक्षण र व्यवस्थित लेखा परिक्षण र आय-व्ययलाई चुस्त दुरुस्त गर्न गराउन राष्ट्रिय महाधिवेशनबाट निर्वाचित प्रमुख-१, उपप्रमुख-१ र सचिव-१ सहित ३५ जनाको स्वायत्त एक केन्द्रीय लेखा आयोग रहने छ ।

(ख) लेखा आयोग प्रमुखको मर्यादाक्रम (बरियता) पदेन पदाधिकारी सरह हुने छ, उपप्रमुखको मर्यादाक्रम पदेन स्थायी कमिटी सदस्य सरह हुने छ र सचिवको मर्यादाक्रम (बरियता) पदेन केन्द्रीय कमिटी सदस्य सरह हुने छ ।

(ग) लेखा आयोगका सदस्यहरूको बरियता आमन्त्रित केन्द्रीय कमिटी सदस्य सरह हुने छ ।

११.९. अनुशासन आयोग :

(क) राष्ट्रिय महाधिवेशनबाट प्रमुख-१, उपप्रमुख-१ र सचिव-१ सहित ३५ सदस्यीय अनुशासन आयोग निर्वाचित गरिने छ । यसरी निर्वाचित भएको अनुशासन आयोग विधान अनुसार आफ्नो काम गर्न पूर्ण स्वायत्त हुने छ ।

(ख) अनुशासन आयोगको प्रमुखको मर्यादाक्रम (बरियता) पदेन पदाधिकारी सरह हुने छ, उपप्रमुखको मर्यादाक्रम पदेन स्थायी कमिटी सदस्य सरह हुने छ र सचिवको मर्यादाक्रम पदेन केन्द्रीय कमिटी सदस्य सरह हुने छ ।

(ग) आयोगको सदस्यहरूको बरियता आमन्त्रित केन्द्रीय कमिटी सदस्य सरह हुनेछ ।

११.१०. निर्वाचन आयोग :

(क) राष्ट्रिय महाधिवेशनबाट प्रमुख-१ उपप्रमुख-१ र सचिव-१ सहित ३५ सदस्यीय निर्वाचन आयोग निर्वाचित गरिने छ । यसरी निर्वाचित भएको निर्वाचन आयोग विधान अनुसार आफ्नो काम गर्न पूर्ण स्वायत्त हुने छ ।

(ख) निर्वाचन आयोग प्रमुखको मर्यादाक्रम (बरियता) पदेन पदाधिकारी सरह हुने छ, उपप्रमुखको मर्यादाक्रम पदेन स्थायी कमिटी सदस्य वा सो सरह हुने छ र सचिवको मर्यादाक्रम पदेन केन्द्रीय कमिटी सदस्य सरह हुने छ ।

(ग) आयोगको सदस्यहरूको बरियता आमन्त्रित केन्द्रीय कमिटी सदस्य सरह हुनेछ ।

११.११. युवा विज्ञ परिषद् :

(क) केन्द्रीय कमिटीबाट प्रमुख-१ उपप्रमुख-१ र सचिव-१ सहित आवश्यकताका आधारमा सदस्यहरु चयन गरि बढीमा ५१ सदस्यीय युवा विज्ञ परिषद् गठन गरिने छ । यसरी गठन भएको युवा विज्ञ परिषद्ले विधान अनुसार आफ्नो काम केन्द्रीय कमिटीसँग समन्वय गरि गर्नेछ ।

(ख) युवा विज्ञ परिषद् प्रमुखको मर्यादाक्रम (बरियता) पदेन पदाधिकारी सरह हुने छ, उपप्रमुखको मर्यादाक्रम पदेन स्थायी कमिटी सदस्य वा सो सरह हुने छ र सचिवको मर्यादाक्रम पदेन केन्द्रीय कमिटी सदस्य सरह हुने छ ।

(ग) परिषद्को सदस्यहरूको बरियता आमन्त्रित केन्द्रीय कमिटी सदस्य सरह हुनेछ ।

**भाग - ५**

धारा १२. <u>मातहत कमिटी निम्न तहका रुपमा रहने छन्</u> :

क. प्रदेश कमिटी/विशेष प्रदेश कमिटी

ख. जिल्ला कमिटी,

ग. संघीय निर्वाचन क्षेत्र समन्वय कमिटी,

घ. प्रदेश निर्वाचन क्षेत्र समन्वय कमिटी,

ङ. महानगर, उप-महानगर, नगर र गाउँ पालिका कमिटी,

च. वडा कमिटी,

छ. टोल कमिटी ।

धारा १२.१. <u>प्रदेश कमिटी र विशेष प्रदेश कमिटी :</u>

(क) ७ वटा भौगोलिक प्रदेशमा प्रदेश अधिवेशन वा प्रदेश भेलाबाट कमिटी गठन गरिनेछ । मोफसलका ७४ जिल्लाबाट काठमाडौं उपत्यकामा आई बसोबास गरेका प्रत्येक जिल्लालाई समेटेर अन्तर जिल्ला कमिटी गठन गरिने छ । अन्तर जिल्लामा संगठित भएका व्यक्तिहरुको प्रतिनिधित्व गराई अधिवेशन वा भेलाबाट अन्तरजिल्ला विशेष प्रदेश कमिटी गठन गरिने छ । विदेशमा रहेका नेपाली युवाहरुलाई समेटी सम्बन्धित देशभित्र प्रवास कमिटी गठन गरिने छ । ती प्रवास कमिटीहरुबाट प्रतिनिधित्व गराई अधिवेशन वा भेलाबाट प्रवास विशेष प्रदेश कमिटी गठन गरिने छ ।

ख) प्रदेश कमिटीको कार्यकाल दुई वर्ष (२ वर्ष) को रहने छ । प्रदेश कमिटीमा अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सहसचिव २ (महिला, जनजाति, मधेसी, मुश्लिम, अल्पसंख्यक, उत्पीडित, पिछडिएको क्षेत्र मध्येबाट १ र खुल्ला १) र कोषाध्यक्ष १ गरी ६ जना पदाधिकारी र निर्वाचित संख्याको १० प्रतिशत मनोनित सहित बढीमा १० देखि २० संघीय निर्वाचन क्षेत्र भएका प्रदेशमा ७७ सदस्यीय, २१ देखि ३० संघीय निर्वाचन क्षेत्र भएका प्रदेशमा ८९ सदस्यीय, ३१ भन्दा माथि निर्वाचन क्षेत्र भएका प्रदेशमा ९७ सदस्यीय र विशेष प्रदेश कमिटीको हकमा ७९ सदस्यीय समावेशी चरित्रको रहने छ । यदि कमिटीको संख्या थप गर्नुपरेमा केन्द्रीय कमिटीको अनुमति लिनु पर्ने छ । यो कमिटी सम्बन्धित प्रदेश भित्रको नेतृत्वदायी कमिटी हुने छ ।

ग). सम्बन्धित प्रदेशको भुगोल कार्यक्षेत्र भएका केन्द्रीय सदस्य प्रदेश कमिटीको पदेन अतिथि रहने छन् ।

घ) जिल्ला कमिटीको अध्यक्षहरु प्रदेश सचिवायल कमिटीको पदेन सदस्य रहने छन् ।

धारा १२.२. <u>जिल्ला कमिटी</u>

क) जिल्ला भेलाले संयोजक १ र सचिव १ सहित बढीमा ९९ सदस्यीय जिल्ला अधिवेशन आयोजक कमिटी गठन गर्न सक्ने छ । अधिवेशन आयोजक कमिटीले ३ महिनाभित्र अधिवेशन सम्पन्न गरिसक्नुपर्ने छ ।

ख) जिल्ला अधिवेशनले एउटा निर्वाचन क्षेत्र भएको जिल्लामा बढीमा ६३ जना, २ देखि ४ वटा निर्वाचन क्षेत्र भएको जिल्लामा बढीमा ७५ जना र ५ देखि १० निर्वाचन क्षेत्र भएको जिल्लामा बढीमा ८३ जना

सदस्यीय जिल्ला कमिटी निर्माण गर्ने छ। उक्त कमिटीको पदाधिकारीमा अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सह-सचिव २ (महिला, जनजाति, मधेसी, मुश्लिम, अल्पसंख्यक, उत्पीडित, पिछडिएको क्षेत्र मध्येबाट र खुल्ला) र १ कोषाध्यक्ष हुने छन् र निर्वाचित संख्याको १० प्रतिशत नबढ्ने गरी मनोनित गर्न सकिने छ। यदि जिल्ला कमिटीको संख्या थप गर्नु परेमा सम्बन्धित भुगोलको प्रदेश कमिटी मार्फत केन्द्रीय कमिटीको अनुमति लिनु पर्ने छ। जिल्ला कमिटीको कार्यकाल २ वर्षको हुनेछ ।

ग) जिल्ला कमिटी तत् जिल्लाको नेतृत्वदायी र कार्यकारी कमिटीको रुपमा रहनेछ।

घ) पालिका कमिटीका अध्यक्षहरु जिल्ला कमिटीको पदेन सदस्य रहनेछन्।

धारा १२.३. <u>निर्वाचन क्षेत्र समन्वय कमिटी :</u>

(क) नेपाल सरकारको तथा निर्वाचन आयोगले निर्धारण गरेको संघीय निर्वाचन तथा प्रदेश तह निर्वाचन क्षेत्रको आधारमा सम्बन्धित क्षेत्रमा संगठनको संघीय तथा प्रदेश निर्वाचन क्षेत्रीय समन्वय कमिटी गठन हुने छन्।

(ख) संघीय निर्वाचन क्षेत्र समन्वय कमिटीमा तत् निर्वाचन क्षेत्रका महानगर, उपमहानगर, नगर र गाउँपालिका कमिटीका पदाधिकारीहरू र तत् निर्वाचन क्षेत्रका वडा कमिटीका अध्यक्षहरू पदेन सदस्य हुने छन्।

(ग) प्रदेश निर्वाचन क्षेत्रिय समन्वय कमिटीमा तत् निर्वाचन क्षेत्रका महानगर, उपमहानगर, नगर र गाउँपालिका कमिटीका सदस्यहरू अध्यक्षहरू र तत् निर्वाचन क्षेत्रभित्रका वडा पालिका कमिटीका पदाधिकारीहरू पदेन सदस्य हुने छन्।

(घ) पदेन सदस्यको संख्यालाई शतप्रतिशत मानी त्यसको १० प्रतिशत नबढ्ने गरी अध्यक्ष र सचिवसहित जिल्ला कमिटीले मनोनित गर्ने छ।

(ङ) संघीय निर्वाचन क्षेत्र एक वटा मात्रै भएको जिल्लामा संघीय निर्वाचन क्षेत्र समन्वय कमिटी गठन हुने छैन तर प्रदेश निर्वाचन क्षेत्र समन्वय कमिटी भने गठन हुने छन्।

(च) निर्वाचन क्षेत्रीय समन्वय कमिटीको इञ्चार्ज जिल्ला कमिटी मध्येबाट जिल्ला कमिटीले तोक्ने छ।

धारा १२.४ <u>महानगर, उपमहानगर र नगर कमिटी</u> :

क) महानगर, उप-महानगर, नगर र गाउँ पालिकाहरु भित्रको सांगठनिक कामलाई व्यवस्थित र प्रभावकारी बनाउन सम्बन्धित पालिका भित्रका युवा भेलाले संयोजक १ र सचिव १ सहित महानगर, उपमहानगर, नगर र पालिका अधिवेशन आयोजक कमिटी गठन गर्ने छ। उक्त कमिटीमा अधिकतम रुपमा महानगरमा ८९, उपमहानगरमा ७९, नगरमा ६९ र गाउँपालिकामा ५९ सदस्यीय सम्मको आयोजक कमिटी रहनेछ। आयोजक कमिटीले २ महिनाभित्र अधिवेशन सम्पन्न गरिसक्नु पर्नेछ।

ख) महानगर, उप-महानगर, नगर र गाउँपालिका अधिवेशनले महानगर, उप-महानगर, नगर र गाउँपालिका कमिटी गठन गर्नेछ। महानगर, उपमहानगर, नगर र गाउँपालिका कमिटीको अधिवेशनले ६१ सदस्यीय महानगर कमिटी, ५५ सदस्यीय उपमहानगर कमिटी, ४७ सदस्यीय नगर कमिटी र ४१ सदस्यीय गाउँपालिका कमिटी निर्वाचित गर्ने छ। उक्त कमिटीको पदाधिकारीमा अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सह-सचिव २ (महिला, जनजाति, मधेसी, मुश्लिम, अल्पसंख्यक, उत्पीडित, पिछडिएको क्षेत्र मध्येबाट र खुल्ला) र कोषाध्यक्ष १ निर्वाचित र निर्वाचित संख्याको १० प्रतिशत नबढ्ने गरी मनोनित गर्न सकिने छ।

यदि कमिटीको संख्या थपघट गर्नुपर्ने भएमा जिल्ला कमिटी-प्रदेश कमिटी हुँदै केन्द्रीय कमिटीको अनुमति लिनु पर्ने छ । महानगर तथा उपमहानगर कमिटीको कार्यकाल २ वर्ष र नगर तथा गाउँपालिका कमिटीको कार्यकाल १ वर्षको हुनेछ ।

धारा १२.५ महानगर, उपमहानगर, नगर र गाउँपालिका कमिटी तत् स्थानीय तहको नेतृत्वदायी र कार्यकारी कमिटीको रुपमा रहने छ ।

धारा १२.६ वडा कमिटी :

क) स्थानीय तह (महानगर, उपमहानगर, नगर र गाउँ पालिका) मा निर्धारण गरिएका वडाहरुमा सदस्यहरुको भेलाद्वारा संयोजक १, सचिव १ सहित अधिकतम ४५ सदस्यीय वडा अधिवेशन आयोजक कमिटी गठन गर्ने छ । उक्त आयोजक कमिटीले २ महिनाभित्र अधिवशेन सम्पन्न गरिसक्नु पर्नेछ ।

ख) स्थानीय तहका वडा अधिवेशनले वडा कमिटी गठन गर्नेछ । वडा कमिटीको अधिवेशनले महानगर ४७, उपमहानगर ४३, नगर ३९ र गाउँपालिका ३५ सदस्यीय वडा कमिटी निर्वाचित गर्ने छ । उक्त कमिटीको पदाधिकारीमा अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सह-सचिव २ र कोषाध्यक्ष १ निर्वाचित हुने छन् र निर्वाचित संख्याको १० प्रतिशत नबढ्ने गरी मनोनित गर्न सकिनेछ । यस कमिटीको कार्यकाल १ वर्षको हुनेछ ।

ग) वडा कमिटी तत् वडा तहको नेतृत्वदायी र कार्यकारी कमिटीको रुपमा रहनेछ ।

धारा १२.७ टोल कमिटी :

संघका सदस्यहरुको भेलाले टोलटोलमा टोल कमिटी गठन गर्ने छ । यो कमिटी राष्ट्रिय युवा संघ नेपालको प्रारम्भिक कमिटी हुनेछ । कमिटीका पदाधिकारी अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सह-सचिव १ र कोषाध्यक्ष १ सहित स्थानीय आवश्यकता अनुसारको सदस्य संख्या हुने गरी कमिटी गठन गर्नसक्ने छ । उक्त कमिटीको कार्यकाल १ वर्षको हुने छ भने गठित कमिटी कार्यकारी हुने छ ।

**भाग-६**

१३. महाधिवेशन, अधिवेशन, भेला तथा बैठक :

क) सामान्यतया राष्ट्रिय युवा संघ नेपालको राष्ट्रिय महाधिवेशन २ वर्षमा, प्रदेश र जिल्ला अधिवेशन २/२ वर्षमा तथा महानगर, उप-महानगर २/२ वर्षमा, नगर र गाउँपालिकाको अधिवेशन १/१ वर्षमा आयोजना गरिने छन् ।

ख) वडा र टोल कमिटीका अधिवेशन वा भेलाहरु प्रत्येक १/१ वर्षमा आयोजना गरिने छन्

ग) कुनै विशेष कारणले राष्ट्रिय महाधिवेशन तोकिएको अवधिभन्दा अगावै गर्नु पर्ने भएमा केन्द्रीय कमिटीले विशेष कारण खुलाई आयोजक कमिटी निर्माण गरी वा सोझै राष्ट्रिय महाधिवेशनको आयोजना गर्न सक्ने छ ।

घ) राष्ट्रिय युवा संघ नेपालका हरेक तहका कमिटीहरू समावेशी स्वरुपको हुने छन् ।

ङ) हरेक कमिटीको गणपुरक संख्या ५१ प्रतिशत मानिने छ ।

च) हरेक महाधिवेशन, अधिवेशन वा कमिटी निर्माणमा १६–२४ वर्ष उमेर समूहको संख्या ५ प्रतिशत, महिला ३३ प्रतिशत हुनेछ ।

छ) मातहतका अधिवेशनहरुमा माथिल्लो कमिटीमा रहेको सदस्य तल्लो कमिटीको अधिवेशनमा प्रतिनिधि भई सहभागिता जनाउन र कुनै पनि पदमा प्रतिस्पर्धा गर्न सक्ने छ । तर तल्लो कमिटीको अधिवेशनमा प्रतिनिधि भएपछि माथिल्लो कमिटीको पद स्वतः खारेज हुने छ ।

ज) केन्द्रमा केन्द्रीय  कमिटी र मातहतमा तत् तहका  कमिटीहरूले महाधिवेशन वा अधिवेशन आयोजना गर्न आयोजक कमिटी बनाउन सक्नेछन् । यसरी बनेको आयोजक कमिटीले ६ महिना भित्र अनिवार्य महाधिवेशन वा अधिवशेन आयोजना गर्नुपर्ने छ। महाधिवेशन वा अधिवेशन आयोजना गर्न बनेको आयोजक कमिटीको हैसियत र अधिकार सम्बन्धित कमिटी सरह नैं हुने छ ।

झ) मातहतका अधिवेशनहरु आयोजना गर्न आयोजक कमिटी बनेको ६ महिना भित्र वा अधिवेशन गर्नु पर्ने समयावधि पुगेको ६ महिना भित्र कमिटीको अधिवेशन गर्नुपर्ने छ तर कुनै विशेष परिस्थितिले उक्त ६ महिना भित्र अधिवेशन गर्न नसकिने देखिएमा वा त्यस्तो अवस्था सिर्जना भएमा केन्द्रीय कमिटीलाई लिखित जानकारी गराई बढीमा ३ महिना अधिवेशनको समयावधि थप्न सकिने छ । यसरी थपिएको समय वा सो अवधि बराबरको समयसम्म पनि तत् कमिटीको अधिवेशन नगरेमा वा गर्न नसकेमा केन्द्रीय कमिटीले विघठन गरी तदर्थ कमिटी गठन गर्न सक्ने छ ।

धारा १४. विशेष महाधिवेशन :

(क) संगठनको नेतृत्व (कार्यालय कमिटी) वा केन्द्रीय कमिटीले संगठन भित्र गम्भीर आँच आउने गरि कुनै कार्य वा निर्णय गरेमा बहुमत जिल्ला अध्यक्ष र प्रदेश कमिटीका अध्यक्षले संयुक्त हस्ताक्षर गरि विशेष महाधिवेशन माग गर्न सक्ने छन् ।

(ख) यसरी माग भई आएको विशेष महाधिबेशनको प्रस्ताव माथि केन्द्रीय कमिटीले थप छलफल गरि एक महिना भित्र महाधिबेशन आयोजक कमिटी निर्माण गरि ३ महिना भित्र महाधिबेशन गर्नु पर्ने छ ।

(ग) केन्द्रीय कमिटी स्वयम्को विषयमा प्रश्न उठी बिशेष महाधिबेशन माग भएको अवस्थामा केन्द्रीय कमिटीले राष्ट्रिय परिषद्को बैठक आह्वान गरि विशेष महाधिवेशनको प्रस्ताव माथि आवश्यक छलफल गराउन सक्ने छ । यसरी छलफल गर्दा राष्ट्रिय परिषद्को दुई तिहाई बहुमतले विशेष महाधिवेन आयोजना गर्नु मनासिव नदेखिएको भन्ने निर्णय गरेमा बिशेष महाधिवेशन आयोजना हुने छैन । तर आयोजना गर्ने सम्बन्धको निर्णयमा भने सामान्य बहुमत (गणपुरक संख्या) भए पुग्ने छ ।

धारा १५. राष्ट्रिय महाधिवेशनमा प्रतिनिधिको व्यवस्था :

क) केन्द्रीय कमिटीका सम्पूर्ण सदस्यहरू,

ख) लेखा आयोगका सम्पूर्ण सदस्यहरू,

ग) अनुशासन आयोगका सम्पूर्ण सदस्यहरू,

घ) निर्वाचन आयोगका सम्पूर्ण सदस्यहरु,

ङ) केन्द्रीय तहका प्रत्येक विभागहरूबाट १ महिला सहित ३ जना,

च) अन्तरजिल्ला विशेष प्रदेश कमिटी सहित प्रत्येक प्रदेश कमिटीबाट १ महिला सहित ५ जना,

छ) १ देखि ४ वटा निर्वाचन क्षेत्र भएका प्रत्येक जिल्ला कमिटीबाट १ महिला सहित ४ जना, ५ भन्दा माथि निर्वाचन क्षेत्र भएका जिल्ला कमिटीबाट २ महिला सहित ५ जना प्रतिनिधि हुने छन्

ज) महानगर कमिटीबाट १ महिला सहित ३ जना,

झ) प्रत्येक उपमहानगर कमिटीबाट १ महिला सहित २ जना,

ट) प्रत्येक नगर कमिटीबाट १/१ जना,

ठ) प्रत्येक अन्तरजिल्ला कमिटीबाट १/१जना,

ड) प्रत्येक गाउँ पालिका कमिटीबाट १/१जना,

ढ) केन्द्रीय कमिटीले बढीमा १०% सम्म प्रतिनिधि मानोनित गर्न सक्ने छ ।

धारा १६. केन्द्रीय कमिटीमा उम्मेदवार हुन आवश्यक मापदण्ड :

क) केन्द्रीय कमिटी सदस्य वा महाधिवेशन आयोजक कमिटी सदस्य वा केन्द्रीय आयोगका सदस्य

ख) केन्द्रीय विभागका सचिव वा दुई कार्यकाल केन्द्रीय विभागको सदस्य भएको वा

ग) प्रदेश कमिटी पदाधिकारी वा जिल्ला कमिटी अध्यक्ष वा दुई कार्यकाल जिल्ला कमिटी पदाधिकारीमा रही काम गरेको वा

घ) अन्य जनसंगठनको हकमा केन्द्रीय कमिटीमा काम गरि सकेको हुनु पर्ने ।

ङ) पार्टी सदस्यता प्राप्त गरेको हुनु पर्ने र संगठनको सदस्यता नवीकरण गरि रहेको हुनु पर्ने ।

च) महिला, दलित, मुश्लिम, अल्पसंख्यक, १६–२४ वर्ष समुह, अपाङ्ग तथा घाइते र सहिद परिवारको निर्वाचित कोटाको हकमा जिल्ला कमिटीको सदस्य वा सो सरह संगठित भएको ।

छ) अध्यक्षको लागि एक कार्यकाल केन्द्रीय पदाधिकारी रही पार्टीको संगठित सदस्यता लिएको १० वर्ष पुरा भएको, उपाध्यक्ष तथा महासचिवको लागि एक कार्यकाल केन्द्रीय पदाधिकारी रही पार्टीको संगठित सदस्यता लिएको ७ वर्ष पुरा भएको र अन्य केन्द्रीय पदाधिकारीको हकमा आयोगको पदाधिकारी वा स्थायी कमिटी सदस्य वा पूर्ण २ कार्यकाल केन्द्रीय सदस्य रही पार्टीको संगठित सदस्यता लिएको ५ वर्ष पुरा भएको हुनु पर्नेछ ।

झ) पूर्ण एक कार्यकाल केन्द्रीय कमिटी सदस्य र एक कार्यकाल आयोग सदस्य भई काम गरेकाको हकमा दुई कार्यकालको समयावधि गणना हुनेछ ।

ञ) उमेर समूह (१६-४० वर्ष) को हुनुपर्ने छ । (१६ वर्ष भन्नाले १५ वर्ष ११ महिना २९ दिन पूरा भएको अर्थमा बुझिनेछ भने ४० वर्ष भन्नाले ३९ वर्ष ११ महिना २९ दिनसम्मलाई बुझिनेछ)

धारा १७. केन्द्रीय लेखा आयोगको सदस्य वा पदाधिकारी हुन आवश्यक योग्यता :

क) लेखा सम्बन्धी ज्ञान भएको ।

ख) कम्तीमा जिल्ला कमिटी वा सो सरह वा सोभन्दा माथिल्लो कमिटीमा संगठित भई काम गरेको वा गरि रहेको ।

ग) मातृ पार्टीको अन्य जनसंगठनको प्रदेश वा जिल्ला कमिटी वा सो सरह वा सोभन्दा माथिल्लो कमिटीमा संगठित भई काम गरेको ।

घ) आयोगको प्रमुख हुनका लागि संघको केन्द्रीय कमिटी वा लेखा, अनुशासन र निर्वाचन आयोगको पदाधिकारी रही एक कार्यकाल काम गरेको

ङ) लेखा आयोगको प्रमुख हुन पार्टी सदस्यता प्राप्त गरी  कम्तीमा ५ वर्ष को समयावधि पूरा गरेको र पार्टी सदस्यता तथा संगठनको सदस्यता नवीकरण गरिरहेको हुनु पर्ने

च) लेखा आयोगको सदस्यको हकमा पार्टी सदस्यता प्राप्त र संगठनको सदस्यता नवीकरण गरि रहेको

छ) लेखा आयोगको प्रमुख,उपप्रमुख, सचिव र सदस्य हुन उमेर समूह (१६-४० वर्ष) को हुनु पर्ने छ ।

धारा १८. अनुशासन आयोगको सदस्य वा पदाधिकारी हुन आवश्यक योग्यता :

क) कानुनसम्बन्धी ज्ञान भएको

ख) कम्तीमा जिल्ला कमिटी वा सो सरह वा सोभन्दा माथिल्लो कमिटीमा संगठित भई काम गरेको वा गरि रहेको

ग) मातृ पार्टीको अन्य जनसंगठनको प्रदेश वा जिल्ला कमिटी वा सो सरह वा सोभन्दा माथिल्लो कमिटीमा संगठित भई काम गरेको

घ) आयोगको प्रमुख हुनका लागि संघको केन्द्रीय कमिटी वा लेखा, अनुशासन र निर्वाचन आयोगको पदाधिकारी रही एक कार्यकाल काम गरेको

ङ) अनुशासन आयोगको प्रमुख हुन पार्टी सदस्यता प्राप्त गरी  कम्तीमा ५ वर्ष को समयावधि पूरा गरेको र पार्टी सदस्यता तथा संगठनको सदस्यता नवीकरण गरि रहेको हुनु पर्ने

च) अनुशासन आयोगको सदस्यको हकमा पार्टी सदस्यता प्राप्त र संगठनको सदस्यता नवीकरण गरि रहेको हुनु पर्ने

छ) आयोगको प्रमुख, उपप्रमुख, सचिव र सदस्य हुन उमेर समूह (१६-४० वर्ष) को हुनु पर्नेछ ।

धारा १९. निर्वाचन आयोगको सदस्य वा पदाधिकारी हुन आवश्यक योग्यता :

क) कानुनसम्बन्धी ज्ञान भएको

ख) कम्तीमा जिल्ला कमिटी वा सो सरह वा सोभन्दा माथिल्लो कमिटीमा संगठित भई काम गरेको वा गरि रहेको

ग) मातृ पार्टीको अन्य जनसंगठनको जिल्ला प्रदेश कमिटी वा सो सरह वा सो भन्दा माथिल्लो कमिटी संगठित भई काम गरेको

घ) आयोगको प्रमुख हुनका लागि संघको केन्द्रीय कमिटी वा लेखा, अनुशासन र निर्वाचन आयोगको पदाधिकारी रही एक कार्यकाल काम गरेको

ङ) निर्वाचन आयोगको प्रमुख हुन पार्टी सदस्यता प्राप्त गरी कम्तीमा ५ वर्ष को समयावधि पूरा गरेको र पार्टी सदस्यता तथा संगठनको सदस्यता नवीकरण गरि रहेको हुनुपर्ने

च) निर्वाचन आयोगको सदस्यको हकमा पार्टी सदस्यता प्राप्त र संगठनको सदस्यता नवीकरण गरि रहेको हुनु पर्ने

छ) आयोगको प्रमुख, उपप्रमुख, सचिव र सदस्य हुन उमेर समूह (१६-४० वर्ष) को हुनु पर्ने छ। प्रमुखको हकमा पार्टी सदस्यता लिएको ७ वर्ष पुरा भएको, उपप्रमुख र सचिवको हकमा पार्टी सदस्यता लिएको ५ वर्ष पुरा भएको हुनुपर्नेछ।

धारा २०. केन्द्रीय युवा परिषद् सदस्य देहाय बमोजिम हुनेछ :

क) केन्द्रीय कमिटीका सम्पूर्ण सदस्यहरू

ख) केन्द्रीय लेखा, अनुशासन र निर्वाचन आयोगका सम्पूर्ण सदस्यहरू

ग) केन्द्रीय विभागबाट १ महिला सहित ३/३ जना

घ) प्रदेश कमिटीका अध्यक्ष, पदाधिकारी र महिला विभाग प्रमुख, युथ फोर्स विभाग प्रमुख, साइबर सर्कल विभाग प्रमुख, संगठन विभाग प्रमुख सहित केन्द्रीय परिषद्को प्रतिनिधिको लागि प्रदेश कमिटीले आफूमध्येबाट निर्णय गरि मनोनित गरेका दुई जना।

ङ) जिल्ला कमिटीका अध्यक्ष र केन्द्रीय परिषद्को प्रतिनिधिको लागि प्रत्येक जिल्लाबाट जिल्ला कमिटीले निर्णय गरी मनोनित एक महिलासहित ३ जना, जिल्ला युथ फोर्स विभाग प्रमुख १, जिल्ला साइबर सर्कल विभाग प्रमुख १ रहने छ।

धारा २१. प्रदेश कमिटी र विशेष प्रदेश कमिटी अधिवेशन प्रतिनिधी व्यवस्था

धारा २१.१ प्रदेश अधिवेशनमा प्रतिनिधि व्यवस्था

क) प्रदेश कमिटीका सदस्य वा प्रदेश अधिवेशन अयोजक कमिटी सदस्य

ख) १ देखि ४ वटा निर्वाचन क्षेत्र भएका प्रत्येक जिल्ला कमिटीबाट २ महिला सहित ५ जना, ५ भन्दा माथि निर्वाचन क्षेत्र भएका जिल्ला कमिटीबाट २ महिला सहित ७ जना प्रतिनिधि हुने छन्।

ग) प्रत्येक महानगर पालिका कमिटीबाट १ महिला सहित ४ जना

घ) प्रत्येक उपमहानगर पालिका कमिटीवाट १ महिला सहित ३ जना

ङ) प्रत्येक नगर कमिटीबाट १ महिला सहित २ जना

च) प्रत्येक गाउँ पालिका कमिटीबाट १ जना

छ) प्रदेश कमिटीका प्रत्येक विभागबाट १ जना तथा प्रदेश महिला विभागको हकमा ३ जना

ज) अधिवेशन आयोजक कमिटीले बढीमा १०% सम्म मनोनित गर्न सक्ने छ ।

धारा २१.२ विशेष प्रदेश कमिटीको अधिवेशन प्रतिनिधी व्यवस्था

क) अन्तरजिल्ला विशेष प्रदेश कमिटी

अ) अन्तरजिल्ला विशेष प्रदेश कमिटीका सदस्य वा विशेष प्रदेश अधिवेशन अयोजक कमिटी सदस्य सवै

आ) प्रत्येक अन्तरजिल्ला कमिटीबाट १ महिला सहित ५ जना

इ) अधिवेशन आयोजक प्रदेश कमिटीले बढीमा १०% सम्म मनोनित गर्न सक्ने छ ।

ख) प्रवास विशेष प्रदेश कमिटी

अ) प्रवास विशेष प्रदेश कमिटीका सदस्य वा प्रवास विशेष प्रदेश अधिवेशन अयोजक कमिटी सदस्य सवै

आ) प्रत्येक प्रवास कमिटीबाट २ महिला सहित ७ जना

इ) अधिवेशन आयोजक कमिटीले बढीमा १०% सम्म मनोनित गर्न सक्ने छ ।

धारा २२. प्रदेश कमिटीको पदाधिकारी वा सदस्य हुन योग्यता

क) अध्यक्षको हकमा कम्तीमा एक कार्यकाल प्रदेश पदाधिकारी वा सो सरहको कमिटी वा सो सरहभन्दा माथिल्लो कमिटी वा दुई कार्यकाल प्रदेश कमिटी वा दुई कार्यकाल जिल्ला पदाधिकारी वा तीन कार्यकाल जिल्ला कमिटीमा काम गरेको हुनु पर्नेछ । पार्टी सदस्य लिएको ५ वर्ष पुरा भएको हुनुपर्नेछ ।

ख) पदाधिकारीको लागि एक कार्यकाल प्रदेश कमिटी वा सो सरहको कमिटी वा सो सरह भन्दा माथिल्लो कमिटी वा एक कार्यकाल जिल्ला अध्यक्ष, दुई कार्यकाल जिल्ला पदाधिकारी वा दुई कार्यकाल जिल्ला कमिटीमा काम गरेको हुनु पर्ने

ग) सदस्यका लागि एक कार्यकाल जिल्ला पदाधिकारी वा सो सरहको कमिटी वा दुई कार्यकाल जिल्ला कमिटीमा काम गरेको हुनु पर्ने छ ।

घ) संघको सदस्यता नविकरण भएको हुनु पर्ने छ ।

धारा २३. जिल्ला अधिवेशनमा प्रतिनिधि व्यवस्था

क) जिल्ला कमिटी  सदस्य वा जिल्ला अधिवेशन आयोजक कमिटी सदस्य

ख) प्रत्येक संघीय निर्वाचन क्षेत्रीय समन्वय कमिटीबाट १ जना महिला सहित २ जना

ग) प्रदेश निर्वाचन क्षेत्रिय समन्वय कमिटीवाट १/१ जना

घ) प्रत्येक महानगरपालिका कमिटीवाट १ जना महिला सहित ५/५ जना

ङ) प्रत्येक उपमहानगरपालिका कमिटीबाट १ जना महिला सहित ४/४ जना

च) प्रत्येक नगर कमिटीबाट १ जना महिला सहित ३/३ जना

छ) प्रत्येक गाउँपालिका कमिटीबाट १ जना महिला सहित ३/३ जना र

ज) प्रत्येक महानगर र उपमहानगरपालिका का वडा कमिटीबाट १ जना महिला सहित २/२ जना

झ) प्रत्येक नगर र गाउँ पालिकाका वडा कमिटीबाट १/१ जना

ञ) जिल्ला कमिटीका प्रत्येक विभागवाट १ जना तथा जिल्ला महिला विभागबाट ३ जना

ट) जिल्ला कमिटीले १०% सम्म प्रतिनिधि मनोनित गर्न सक्नेछ ।

धारा २४. जिल्ला कमिटीको पदाधिकारी वा सदस्य हुने योग्यता

क) अध्यक्षको हकमा कम्तीमा एक कार्यकाल पदाधिकारी वा सोसरह कमिटी वा सो भन्दा माथिल्लो कमिटी वा दुई कार्यकाल जिल्ला कमिटी र पार्टी सदस्यता लिएको हुनुपर्ने

ख) पदाधिकारीको लागि एक कार्यकाल जिल्ला कमिटी वा सो सरह कमिटी वा सो भन्दा माथिल्लो कमिटीमा काम गरेको हुनु पर्ने

ग) सदस्यका लागि निर्वाचन क्षेत्रीय तथा महानगर, उपमहानगर, नगर वा गाउँपालिका कमिटी वा सो सरह कमिटीमा संगठित भई काम गरेको हुन पर्ने छ ।

धारा २५. महानगर कमिटी अधिवेशनमा प्रतिनिधिको व्यवस्था :

क) महानगर कमिटीका सदस्य वा महानगर अधिवेशन आयोजक कमिटीका सदस्यहरु

ख) महानगर कमिटीको प्रत्येक विभागवाट १ जना

ग) प्रत्येक वडा कमिटीबाट १ जना महिला सहित ३ जना

घ) अधिकतम १०% सम्म सम्बन्धित महानगर कमिटीले मनोनित गर्न सक्ने छ ।

धारा २६. महानगर पदाधिकारी वा सदस्य हुने योग्यता :

क) अध्यक्षको हकमा कम्तीमा एक कार्यकाल पदाधिकारी वा सोसरह कमिटी वा सो भन्दा माथिल्लो कमिटी वा दुई कार्यकाल महानगर कमिटी र पार्टी सदस्यता लिएको हुनु पर्ने

ख) पदाधिकारीको लागि एक कार्यकाल महानगर कमिटी वा सोसरह कमिटी वा सो भन्दा माथिल्लो कमिटीमा काम गरेको हुनु पर्ने

ग) सदस्यको लागि उपमहानगर, नगर वा गाउँपालिका कमिटी वा सोसरह कमिटीमा संगठित भई काम गरेको हुनु पर्ने छ ।

धारा २७. उपमहानगर अधिवेशनमा प्रतिनिधिको व्यवस्था :

क) उपमहानगर कमिटीका सदस्य वा उपमहानगर अधिवेशन आयोजक कमिटीका सदस्य

ख) उपमहानगर कमिटीको प्रत्येक विभागबाट १ जना

ग) उपमहानगरको प्रत्येक वडा कमिटीबाट १ महिला सहित ५ जना

घ) अधिकतम १०% सम्म सम्बन्धित उपमहानगर कमिटीले मनोनित गर्न सक्ने छ ।

धारा २८. उप-महानगर पदाधिकारी वा सदस्य हुने योग्यता :

क) अध्यक्षको हकमा कम्तीमा एक कार्यकाल पदाधिकारी वा सोसरह कमिटी वा सो भन्दा माथिल्लो कमिटी वा दुई कार्यकाल उप-महानगर कमिटी र पार्टी सदस्यता लिएको हुनु पर्ने

ख) पदाधिकारीको लागि एक कार्यकाल उप-महानगर कमिटी वा सोसरह कमिटी वा सो भन्दा माथिल्लो कमिटीमा काम गरेको हुनु पर्ने

ग) सदस्यको लागि नगर वा गाउँपालिका कमिटी वा सो सरह कमिटीमा संगठित भई काम गरेको हुनु पर्ने छ ।

धारा २९. नगर अधिवेशनमा प्रतिनिधि व्यवस्था :

क) नगर कमिटीका सदस्य वा नगर अधिवेशन आयोजक कमिटीका सदस्य

ख) नगर कमिटीको प्रत्येक विभागबाट १ जना

ग) नगरका प्रत्येक वडा कमिटीबाट १ महिला सहित ५ जना

घ) अधिकतम १० जनासम्म सम्बन्धित नगर कमिटीले मनोनित गर्न सक्ने छ ।

धारा २९.१ अन्तर जिल्ला कमिटी अधिवेशनमा प्रतिनिधि व्यवस्था :

क) अन्तर जिल्ला कमिटीका सदस्य वा अन्तर जिल्ला अधिवेशन आयोजक कमिटीका सदस्य

ख) अन्तर जिल्ला कमिटीका प्रत्येक विभागबाट १ महिला सहित ३ जना

ग) सम्बन्धित जिल्ला भूगोल पालिकाहरुबाट १ महिलासहित ३ जना (महानगर र उपमहानगरको हकमा थप १/१ जना)

घ) अधिकतम १०% सम्म सम्बन्धित अन्तर जिल्ला कमिटीले मनोनित गर्न सक्ने छ ।

धारा ३०. नगर पदाधिकारी वा सदस्य हुने योग्यता :

क) अध्यक्षको हकमा कम्तीमा एक कार्यकाल पदाधिकारी वा सोसरह कमिटी वा सो भन्दा माथिल्लो कमिटी वा दुई कार्यकाल नगर कमिटी र पार्टी सदस्यता लिएको हुनुपर्ने

ख) पदाधिकारीको लागि एक कार्यकाल नगर कमिटी वा सोसरह कमिटी वा सो भन्दा माथिल्लो कमिटीमा काम गरेको हुनुपर्ने

ग) सदस्यको लागि गाउँपालिका कमिटी वा सो सरह कमिटीमा संगठित भई काम गरेको हुनु पर्ने छ ।

धारा ३१. गाउँपालिका अधिवेशनमा प्रतिनिधि व्यवस्था :

क) गाउँपालिका कमिटीका सदस्य वा गाउँपालिका अधिवेशन आयोजक कमिटी सदस्य

ख) प्रत्येक वडा कमिटीबाट ३ महिला सहित १० /१० जना

ग) प्रत्येक टोल कमिटीबाट १ महिला सहित २ जना

घ) बढीमा १०% सम्म प्रतिनिधि वडा अधिवेशन आयोजक कमिटीले मनोनित गर्न सक्ने छ ।

धारा ३२. गाउँपालिका पदाधिकारी वा सदस्य हुने योग्यता :

क) अध्यक्षको हकमा कम्तीमा एक कार्यकाल पदाधिकारी वा सोसरह कमिटी वा सो भन्दा माथिल्लो कमिटी वा दुई कार्यकाल गाउँपालिका कमिटी र पार्टी सदस्यता लिएको हुनु पर्ने

ख) पदाधिकारीको लागि एक कार्यकाल गाउँपालिका कमिटी वा सोसरह कमिटी वा सो भन्दा माथिल्लो कमिटीमा काम गरेको हुनु पर्ने

ग) सदस्यको लागि वडा कमिटी वा सोसरह कमिटीमा संगठित भई काम गरेको हुनु पर्ने छ ।

धारा ३३. वडा अधिवेशनमा प्रतिनिधिको व्यवस्था :

क) वडा कमिटीका सदस्य वा वडा अधिवेशन आयोजक कमिटी सदस्य

ख) प्रत्येक टोल कमिटीबाट ५/५ जना

ग) वडा कमिटीले १०% सम्म मनोनित गर्न सक्ने छ ।

धारा ३४. वडा पदाधिकारी वा सदस्य हुने योग्यता :

क) अध्यक्षको हकमा कम्तीमा एक कार्यकाल पदाधिकारी वा सोसरह कमिटी वा सो भन्दा माथिल्लो कमिटी वा दुई कार्यकाल वडा कमिटी र पार्टी सदस्यता लिएको हुनुपर्ने

ख) पदाधिकारीको लागि एक कार्यकाल वडा कमिटी वा सोसरह कमिटी वा सो भन्दा माथिल्लो कमिटीमा काम गरेको हुनुपर्ने

ग) सदस्यको लागि टोल कमिटी वा सो सरह कमिटीमा संगठित भई काम गरेको हुनु पर्ने छ ।

## भाग-७

धारा ३५. काम, कर्तव्य र अधिकार :

३५.१ राष्ट्रिय महाधिवेशनको काम, कर्तव्य र अधिकार :

(क) महाधिवेशन सञ्चालन गर्न अध्यक्ष मण्डल लगायत आवश्यक संयन्त्रहरू गठन गर्ने

(ख) केन्द्रीय  कमिटी, लेखा आयोग, अनुशासन आयोग र निर्वाचन आयोगको निवार्चन गर्ने

(ग) संगठनको विधान, राजनैतिक, आर्थिक, तथा सांगठनिक र अन्य प्रतिवेदनहरू पारित गर्ने

(घ) सघंको आगामी कार्ययोजना निर्माण तथा पारित गर्ने

ङ) केन्द्रीय कमिटी वा महाधिवशेन आयोजक कमिटीले राष्ट्रिय महाधिवेशन संचालन सम्बन्धी जारी गरेका कार्यविधिले तोकेका कार्यहरु गर्ने

च) राष्ट्रिय युवा संघ नेपालको सर्वोच्च अंग राष्ट्रिय महाधिवशेन हुनेछ। राष्ट्रिय महाधिवेशनले यस संघको विधान पारित गरी पारित गरेको मितिदेखि जारी गर्नेछ। राष्ट्रिय महाधिवेशनले सिङ्गो संगठनको कामको समीक्षा, मूल्याङ्कन, भावी नीति, कार्यक्रम र कार्य योजनाको निधार्रण गर्नेछ।

३५.२ केन्द्रीय युवा परिषद्को काम, कर्तव्य र अधिकार :

क) केन्द्रीय कमिटीको प्रतिवदेनहरूलाई अनुमोदन गर्ने

ख) केन्द्रीय लेखा आयोग र अनुशासन आयोगबाट प्रस्तुत प्रतिवेदन अनुमोदन गर्ने

ग) केन्द्रीय कमिटीको प्रस्तावमाथि आवश्यक छलफल गरी सुझाव दिने

घ) राष्ट्रिय युवा संघ नेपालको वार्षिक कार्ययोजना तयार गर्ने

ङ) केन्द्रीय कमिटीलाई नीतिगत निदर्शेन दिने

च) राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा रहेका युवाका सवाल र मुद्दामाथि छलफल गरी आवश्यक प्रतिवेदन तयार गर्ने

छ) सरकार तथा अन्य क्षेत्रबाट युवाका विषयमा गर्नुपर्ने कार्यक्रमको विषयमा प्रस्तावहरु तयार गरी केन्द्रीय कमिटीमा पठाउने

ज) महाधिवेशनभन्दा ठीक अगाडि आयोजना हुने प्रत्येक अन्तिम वर्षको राष्ट्रिय परिषद्ले विधान अधिवेशनको रुपमा कार्य गर्ने र केन्द्रीय कमिटीको प्रस्तावमा विधान संशोधनमाथि आवश्यक छलफल तथा निर्णय गर्ने

झ) केन्द्रीय कमिटीले जारी गरेको राष्ट्रिय परिषद् सञ्चालन निर्देशिका अनुसार अन्य कार्य गर्ने।

धारा ३५.३ केन्द्रीय कमिटीको काम, कर्तव्य र अधिकार :

क) केन्द्रीय सदस्यहरूको कार्यविभाजन गर्ने

ख) राष्ट्रिय महाधिवेशन र राष्ट्रिय परिषद्ले पारित गरेका नीति र निणर्यहरू कार्यान्वयन गर्ने

ग) केन्द्रीय कमिटीले निर्णय गरेका काम कारवाही तथा नीति नियमलाई कार्यान्वयन गर्ने

घ) मातहत कमिटी र विभागहरूलाई निर्देशन दिने सुपरीवक्षेण, अनुगमन तथा मुल्याङ्कन गर्ने

ङ) विधानमा व्यवस्था भएका विभाग तथा आवश्यक संयन्त्र एवं कार्यदलहरू गठन गर्ने

च) विभागहरूमा प्रमुख, उपप्रमुख, सचिव सहित अधिकतम २५ जना सदस्य मनोनयन गर्ने ।

छ) पदाधिकारी र स्थायी कमिटी गठन गर्ने ।

ज) मातहत कमिटीबाट अनुशासनको कारवाहीमा परेका व्यक्ति तथा कमिटीको उजुरीमा निर्णय दिने

झ) राष्ट्रिय महाधिवेशन र केन्द्रीय युवा परिषद्को भेला आयोजना गर्ने ।

ञ) केन्द्रदेखि स्थानीय तहसम्मका हरेक कमिटीहरूलाई नेतृत्व दिने तथा परिचालित गर्ने ।

ट) राष्ट्रियता, लोकतन्त्र, जनजिविकाका पक्षमा विभिन्न निर्णय तथा कार्यक्रमहरु सञ्चालन गर्ने ।

ठ) धारा ९- क), ख), ग), घ), ङ) र च) तथा धारा ९.१ अनुसारको कार्य गर्ने ।

ड) संगठनमा विभिन्न राजनीतिक तथा सांगठनिक निर्णयहरु गर्ने तथा आवश्यक्ता अनुसार मातहतका कमिटीहरुमा सर्कुलर गर्ने ।

ढ) युवा श्रमिकलाई संगठित रुपमा देशको आर्थिक, भौतिक, सामाजिक, साँस्कृतिक विकासको लागि परिचालित गर्ने ।

ण) महाधिवेशन, अधिवेशन, केन्द्रीय युवा परिषद् सञ्चालन कार्यविधि निर्माण गरि जारी गर्ने ।

त) पार्टीका नीति, कार्यक्रम, निर्णय र निर्देशनलाई सफल बनाउन आवश्यक निर्णय सहित कार्यान्वयन गर्ने ।

थ) संघका कार्यक्रम र कार्य योजनालाई मातहतका  कमिटीसँग जीवन्त सम्बन्ध राख्दै लागू गर्ने र तिनलाई आवश्यक सहयोग, सझाव र निर्देशन सहित सुपरीवेक्षण गर्ने ।

३५.४ पदाधिकारीको काम, कर्तव्य र अधिकार :

क) केन्द्रीय कमिटीले तोकेको सबै काम गर्ने ।

ख) केन्द्रीय कमिटी, सचिवालय र स्थायी कमिटीमा प्रस्तुत गर्ने प्रस्तावहरू तयार गर्ने ।

ग) पदाधिकारी बैठकका निर्णयहरू केन्द्रीय कमिटीबाट अनुमोदन गराउने ।

घ संघका दैनन्दिन काम सम्बन्धी आवश्यक निर्णय तथा मातहत कमिटीलाई निर्देशन गर्दै कार्यान्वयन गराउन नेतृत्व गर्ने ।

ङ) पदाधिकारीको बैठक आवश्यकता अनुसार बस्ने छ ।

धारा ३५.५ स्थायी कमिटीको काम, कर्तव्य र अधिकार :

क) केन्द्रीय कमिटीको एक बैठकदेखि अर्को बैठक बीचको अवधिमा राजनीतिक तथा सांगठनिक निणर्यहरू गर्ने ।

ख) केन्द्रीय कमिटीले तोकेको सबै काम गर्ने ।

ग) केन्द्रीय कमिटी र सचिवालयमा प्रस्तुत गर्ने प्रस्तावहरू तयार गर्ने ।

घ) बैठकले गरेका निर्णयहरू केन्द्रीय कमिटीबाट अनुमोदन गराउने ।

ङ) स्थायी कमिटीको बैठक प्रत्येक ३/३ महिनामा एक पटक बस्ने छ ।

३५.६ लेखा आयोगको काम, कर्तव्य र अधिकार :

क) संघको केन्द्र, प्रदेश, जिल्ला, महानगर र उपमहानगर तहसम्मका कमिटीहरूको आय-व्ययको नियमित निरीक्षण, अनगमन र लखोपरीक्षण गर्ने ।

ख) प्रचलित लेखाको नियमानुसार कमिटीहरूको हिसाब किताब पारदर्शी ढंगले राख्न आवश्यक राय सुझाव र परामर्श दिने ।

ग) केन्द्रीय कमिटीमा मातहतका कमिटीको लेखा परीक्षण प्रतिवेदनहरू पेश गर्ने ।

घ) महाधिवेशन तथा राष्ट्रिय परिषद् बैठकमा संघको समग्र आर्थिक नीति तथा प्रतिवेदन पेश गर्ने ।

ङ) आर्थिक नियमावली तयार गर्ने ।

च) कमिटी वा कमिटीका सदस्यहरुको आर्थिक सम्बन्धीको विषयमा छानबिन वा कार्वाही गर्नुपर्ने भएमा छानबिनका लागि अनुशासन आयोगमा सिफारिश गर्ने ।

छ) कार्य संचालनका लागि संघको विधानसँग नबाझिने गरी कार्यविधि, निर्देशिकाहरु जारी गर्ने ।

३५.७ अनुशासन आयोगको काम, कर्तव्य र अधिकार :

क) कमिटीहरूमा देखिएका विवादहरू समाधान गर्नका लागि पहल गर्ने ।

ख) उजुरी र कारबाहीको सिफारिसमाथि आवश्यक छलफल गरी केन्द्रीय कमिटीलाई उपयुक्त राय, परामर्श र सुझाव दिने ।

ख) कमिटी र कमिटीका सदस्यउपर उजुरी परेमा छानबिन गर्ने ।

ग) अधिवेशनमा विवाद देखापरेमा त्यसको छानबिन गरी समाधानका लागि पहल गर्ने ।

घ) कमिटी र कमिटीहरूका सदस्यहरूलाई अनुशासित र मर्यादित तुल्याउन आवश्यक राय सुझाव र परामर्श दिने ।

ङ) कामको प्रतिवेदन केन्द्रीय कमिटी, राष्ट्रिय परिषद् र राष्ट्रिय महाधिवशेनमा प्रस्तुत गर्ने ।

च) कारबाहीको उजुरी उपर आवश्यक देखिएमा थप सुझाव सहित केन्द्रीय कमिटीमा कारबाहीको सिफारिस गर्ने ।

छ) कार्य संचालनका लागि संघको विधानसँग नबाझिने गरि कार्यविधि, निर्देशिकाहरु जारी गर्ने ।

३५.८ <u>निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार :</u>

क) मातहत (प्रदेश, जिल्ला, महानगर र उपमहानगर) कमिटीका अधिवेशनहरुको निर्वाचन प्रकृया सम्पन्न गर्ने र निर्वाचित कमिटीका सदस्यहरूलाई प्रमाणपत्र प्रदान गर्ने ।

ख) केन्द्रीय महाधिवेशनमा पार्टीको निर्वाचन आयोगसँग समन्वय सहित आवश्यक सहयोग गर्ने ।

ग) सरकारबाट हुने आम निर्वाचनका सम्बन्धमा विभिन्न रणनीति तय गरी युवाहरुलाई परिचालित गर्ने सम्बन्धमा केन्द्रीय कमिटीलाई सुझाव दिने ।

घ) कार्य संचालनका लागि संघको विधानसँग नबाझिने गरि कार्यविधि, निर्देशिकाहरु जारी गर्ने ।

३५.९ <u>युवा विज्ञ परिषद्का काम, कर्तव्य र अधिकार :</u>

क) विभिन्न क्षेत्रमा रहेका विज्ञ युवाहरुलाई समेटी विज्ञ युवा परिषद् निर्माण गरी संघलाई आवश्यक विविध क्षेत्रहरुमा विज्ञताको सरसल्लाह प्रदान गर्ने ।

ख) विभिन्न विधासँग सम्बन्धित नीति निर्माण गर्न र तत् विधासँग सम्बन्धी उठान गर्नुपर्ने एजेण्डाहरु संघ समक्ष सुझावको रुपमा प्रस्तुत गर्ने ।

ग) कार्य संचालन गर्नका निम्ति केन्द्रिय कमिटीको परामर्शमा संघको विधानसँग नबाझिनेगरी कार्यविधि तथा निर्देशिकाहरु जारी गर्ने ।

धारा ३५.१० <u>प्रदेश कमिटी र विशेष प्रदेश कमिटीको काम, कर्तव्य र अधिकार :</u>

क) विधानले तोकेबमोजिम तत् प्रदेश भित्रका जिल्ला कमिटीहरुको नेतृत्व गर्ने ।

ख) केन्द्रीय कमिटीको निर्देशन र आफूले गरेका निर्णयहरु कायान्वियन गर्ने गराउने ।

ग) कम्तीमा ३/३ महिनामा एक-एक पटक  कमिटीको बैठक बस्ने र प्रदेशको राजनीतिक तथा सांगठनिक कामलाई व्यवस्थित गर्ने ।

घ) आफू मातहतका कमिटीहरुको समन्वय, सुपरीवेक्षण, अनुमगन, मूल्याकंन गर्ने तथा आवश्यक निदर्शेन दिने ।

ङ) प्रदेश अधिवेशनबाट पारित राजनैतिक तथा सांगठनिक प्रतिवदेन कार्यान्वयन गर्ने ।

च) प्रदेश कमिटीका पदाधिकारी एवं सदस्यहरु तथा मातहतका कमिटीको लेवि तोक्ने ।

छ) मातृ पार्टी नेकपा (एमाले) को नीति, सिद्धान्त र विचार तथा संघको नीति, कार्यक्रम तथा निर्णयको प्रतिकूल नहुने गरी विभिन्न प्रकाशन सामग्री प्रकाशित गर्ने ।

ज) युवा श्रमिकलाई संगठित रुपमा देशको आर्थिक, भौतिक, सामाजिक, साँस्कृतिक विकासको लागि परिचालित गर्ने ।

झ) प्रदेश कमिटी र तत् प्रदेश मातहतका कमिटीहरुमा प्रशिक्षण, राजनीतिक, सामाजिक एवं अन्य रचनात्मक कार्यक्रम तथा अभियानहरु संचालन गर्ने ।

ञ) राष्ट्रिय परिषद्को प्रतिनिधि मनोनित गर्ने ।

ट) विशेष प्रदेश कमिटीले काठमाडौं उपत्यका भुगोल भित्र र ७४ जिल्लाबाट काठमाडौं उपत्यका आई विभिन्न पेशा-व्यवसायमा संलग्न युवालाई राजनीतिक तथा सांगठनिक नेतृत्व गर्ने छ ।

धारा ३५.११ <u>जिल्ला कमिटीको काम, कर्तव्य र अधिकार</u> :

क) कम्तीमा १/१ महिनामा एक पटक कमिटीको बैठक बस्ने र आफ्नो क्षत्रेको कामको समायोजन गर्ने ।

ख) जिल्ला कमिटीहरूले संगठनको आम उद्देश्य, नीति कार्यक्रमलाई आफ्नो क्षेत्रमा कार्यान्वयन गर्ने ।

ग) केन्द्रीय कमिटी र प्रदेश कमिटीको निर्देशनलाई कार्यान्वयन गर्ने/गराउने ।

घ) जिल्ला भित्रका कमिटीहरुलाई व्यवस्थित, चुस्तदुरुस्त र अद्यावधिक गर्ने ।

ङ) मातहतका कमिटी र सदस्यहरुमा लेबी उठाउने र संकलित लेबी विधानले तोकेको प्रतिशत आफुले राखी बाँकी माथिल्लो कमिटीमा पठाउने ।

च) युवा श्रमिकलाई संगठित रुपमा देशको आर्थिक, भौतिक, सामाजिक, साँस्कृतिक विकासको लागि परिचालित गर्ने ।

च) विभिन्न राजनितिक तथा सांठनिक, सामाजिक तथा साँस्कृतिक अभियान संचालन गर्ने ।

छ) कमिटी र सदस्यहरूको क्षमता वृद्धिको लागि आवश्यक प्रशिक्षणको व्यवस्था गर्ने ।

ज) सदस्यता प्रदान गर्ने ।

झ) राष्ट्रिय परिषद्को प्रतिनिधि मनोनित गर्ने ।

ञ) संगठनले प्रकाशन गरेका सामग्रीहरू बिक्री वितरण गर्ने ।

ट) देशको लोकतन्त्र, राष्ट्रियता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र समाजवादका विषयमा युवालाई प्रशिक्षित र परिचालित गर्ने ।

धारा ३५.१२ संघीय निर्वाचन क्षेत्र समन्वय र प्रदेश निर्वाचन क्षेत्र समन्वय कमिटीको काम, कर्तव्य र अधिकार :

क) नियमितरुपमा आफ्नो कमिटीको बैठक बस्ने र आफ्नो क्षेत्रको कामको समायोजन गर्ने ।

ख) माथिल्लो कमिटीको निर्देशन अनुसार आफूले गरेका निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

ग) आवधिक निर्वाचन परिचालन तथा पार्टीले तोकेको उम्मेद्वारलाई विजयी गराउन आवश्यक रणनीति तथा कार्यक्रमहरु तय गर्ने ।

घ) विभिन्न अभियान तथा प्रशिक्षण सञ्चालन गर्ने ।

ङ) कमिटीका सदस्यहरुलाई लेबी तोक्ने तथा विभिन्न प्रकाशनहरु गर्ने ।

च) सदस्यहरुको कार्यविभाजन गर्ने ।

छ) आफ्ना कामहरुको प्रतिवेदन माथिल्लो कमिटीमा पठाउने ।

ज) सघंले प्रकाशन गरका सामग्रीहरु बिक्री वितरण गर्ने ।

झ) कमिटी र सदस्यहरुको क्षमता अभिबृद्धिको लागि प्रशिक्षणको व्यवस्था गर्ने ।

ञ) निर्वाचन क्षेत्र भित्रका विकास निर्माणको कार्यको संयोजन तथा पहल गर्ने ।

ट) मातहतका कमिटीको कार्यको समन्वय गर्ने ।

धारा ३५.१३ महानगर, उप-महानगर र नगर कमिटीहरुको, कर्तव्य र अधिकार :

क) प्रत्येक महिनामा एक-एक पटक कमिटीको बैठक बस्ने ।

ख) माथिल्लो कमिटीको निर्देशन र आफ्नो कमिटीका निर्णयहरु कार्यान्वयन गर्ने/गराउने ।

ग) सदस्यता प्रदान गर्ने र यसको विवरण जिल्ला कमिटीमा पठाउने ।

घ) मातहतका कमिटीहरूको समन्वय, सुपरीवेक्षण, अनुगमन र मूल्यांकन सहित आवश्यक निर्देशन दिने ।

ङ) सदस्यहरूको कार्यविभाजन गर्ने ।

च) कमिटीका पदाधिकारी तथा सदस्य र मातहत कमिटीलाई लेबी तोक्ने ।

छ) आफ्ना कामहरूको प्रतिवेदन माथिल्लो कमिटीमा पठाउने ।

ज) संगठनले प्रकाशन गरेका सामाग्रीहरुको बिक्री वितरण गर्ने ।

झ) मातहतका कमिटीहरुको अभिलेख राख्ने तथा अद्यावधिक गर्ने ।

ञ) कमिटी र सदस्यहरूको क्षमता बृद्धिको लागि प्रशिक्षणको व्यवस्था गर्ने ।

ट) माथिल्लो कमिटीमा सदस्यता शुल्क तथा लेबी पठाउने ।

ठ) विकास निर्माणका कामहरुको संयोजन, पहलकदमी तथा सार्वजनिक सुनुवाइको प्रबन्ध गर्न पहल गर्ने ।

ड) विकास निर्माण तथा सामाजिक साँस्कृतिक कार्यहरुमा युवालाई परिचालित गर्ने ।

ढ) युवाहरुलाई उद्यमी र व्यवसायी बनाउन विभिन्न योजना र राणनीतिहरु निर्माण गर्ने ।

धारा ३५.१४ गाउँपालिका कमिटीका काम, कर्तव्य र अधिकार :

क) प्रत्येक महिनामा एक-एक पटक कमिटीको बैठक बस्ने ।

ख) माथिल्लो कमिटीको निर्देशन र आफूले गरेका निर्णयहरु कार्यान्वयन गर्ने/गराउने ।

ग) सदस्यता प्रदान गर्ने र यसको विवरण जिल्ला कमिटीमा पठाउने ।

घ) मातहतका कमिटीहरूको समन्वय, सुपरीवेक्षण, अनुगमन, मूल्यांकन तथा आवश्यक निर्देशन दिने ।

ङ) सदस्यहरूको कार्यविभाजन गर्ने ।

च) कमिटीका पदाधिकार, सदस्य र मातहत कमिटीलाई लेबी तोक्ने ।

छ) आफ्ना कामहरूको प्रतिवेदन माथिल्लो कमिटीमा पठाउने ।

ज) संगठनले प्रकाशन गरेका सामाग्रीहरुको बिक्री वितरण गर्ने ।

झ) गाउँपालिका भित्रका कमिटीहरुको अभिलेख राख्ने तथा अद्यावधिक गर्ने ।

ञ) कमिटी र सदस्यहरूको क्षमता अभिबृद्धिको लागि प्रशिक्षणको व्यवस्था गर्ने ।

ट) माथिल्लो कमिटीमा सदस्यता शुल्क तथा लेबी पठाउने ।

ठ) विकास निर्माणका कामहरुको संयोजन, पहलकदमी तथा सार्वजनिक सुनुवाइको पहल गर्ने ।

ड) राजनैतिक, सामाजिक, साँस्कृतिक तथा आर्थिक अभियानहरु संचालन गर्ने ।

ढ) विकास निर्माण तथा सामाजिक साँस्कृतिक कार्यहरुमा युवालाई परिचालित गर्ने ।

ण) युवाहरुलाई उद्यमी र व्यवसायी बनाउन विभिन्न योजना र रणनीतिहरु निर्माण गर्ने ।

धारा ३५.१५ अन्तरजिल्ला कमिटीका काम, कर्तव्य र अधिकार :

क) प्रत्येक महिनामा एक पटक कमिटीको बैठक बस्ने ।

ख) माथिल्लो कमिटीको निर्देशन र आफूले गरेका निर्णयहरु कार्यान्वयन गर्ने/गराउने ।

ग) सदस्यता प्रदान गर्ने र यसको विवरण अन्तरजिल्ला विशेष प्रदेश कमिटीमा पठाउने ।

घ) सदस्यहरूको कार्यविभाजन गर्ने ।

ङ) कमिटीका पदाधिकार, सदस्य र मातहत कमिटीलाई लेबी तोक्ने ।

छ) आफ्ना कामहरूको प्रतिवेदन माथिल्लो कमिटीमा पठाउने ।

ज) संगठनले प्रकाशन गरेका सामाग्रीहरुको बिक्री वितरण गर्ने ।

झ) जिल्लाबाट उपत्यका भित्र रहेका युवाहरुको अभिलेख राख्ने सदस्यता विस्तार गरी अद्यावधिक गर्ने ।

ञ) कमिटी र सदस्यहरूको क्षमता अभिबृद्धिको लागि प्रशिक्षणको व्यवस्था गर्ने ।

ट) माथिल्लो कमिटीमा सदस्यता शुल्क तथा लेबी पठाउने ।

ठ) उपत्यकामा रहेका जिल्लावासी युवाहरुको ज्ञान, सीप र क्षमता अभिवृद्धिको  विशेष पहल गर्ने ।

ड) राजनैतिक, सामाजिक, साँस्कृतिक तथा आर्थिक अभियानहरु संचालन गर्ने ।

ढ) विकास निर्माण तथा सामाजिक साँस्कृतिक कार्यहरुमा युवालाई परिचालित गर्ने ।

ण) युवाहरुलाई उद्यमी र व्यवसायी बनाउन विभिन्न योजना र रणनीतिहरु निर्माण गर्ने ।

धारा ३५.१६ वडा कमिटीका काम, कर्तव्य र अधिकार :

क) प्रत्येक महिनामा एक-एक पटक  कमिटीको बैठक बस्ने ।

ख) माथिल्लो कमिटीको निर्देशन र आफूले गरेका निर्णयहरु कार्यान्वयन गर्ने/गराउने ।

घ) सदस्यहरूको कार्यवभिाजन गर्ने ।

ङ) टोल कमिटी र सदस्यलाई लेबी तोक्ने ।

च) आफ्ना कामहरूको प्रतिवेदन माथिल्लो कमिटीमा पठाउने ।

छ) संगठनले प्रकाशन गरेका प्रकाशनको बिक्री वितरण गर्ने ।

ज) कमिटी र सदस्यहरूको क्षमता अभिबृद्धिको लागि प्रशिक्षणको व्यवस्था गर्ने ।

झ) माथिल्लो कमिटीमा सदस्यता शुल्क तथा लेबी पठाउने ।

ञ) विविध रचनात्मक कार्यक्रमहरु आयोजना गर्ने ।

ट) विकास निर्माणका कामहरुको संयोजन, पहलकदमी तथा सार्वजनिक सुनुवाईको पहल गर्ने ।

ठ) राजनैतिक, सामाजिक, साँस्कृतिक तथा आर्थिक अभियानहरु सञ्चालन गर्ने ।

ड) सदस्यता बृद्धिको विशेष रणनीति र योजना बनाउने ।

धारा ३५.१७ टोल कमिटीको काम, कर्तव्य र अधिकार :

क) आवश्यकता अनुसार कमिटीको बैठक बस्ने ।

ख) माथिल्लो कमिटीको निर्देशन र आफूले गरेका निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

ग) सदस्यहरूको कार्यवभिाजन गर्ने ।

घ) सदस्यहरुलाई लेबी, शुल्क तोक्ने ।

ङ) माथिल्लो कमिटीमा सदस्यता शुल्क तथा लेबी पठाउने ।

च) विविध रचनात्मक कार्यक्रमहरु आयोजना गर्ने ।

धारा ३५.१८ अनुशासन :

क) राष्ट्रिय युवा संघ नेपाल लेनिनवादी संगठनात्मक सिद्धान्त अनुसार सञ्चालित हुने छ । जसलाई जनवादी केन्द्रीयता भनिन्छ । जनवादी केन्द्रीयता भन्नाले व्यक्ति संगठनको मातहत, अल्पमत बहुमतको मातहत, तल्लो कमिटी माथिल्लो कमिटीको मातहत, सबै कमिटी केन्द्रीय कमिटी मातहत, केन्द्रीय कमिटी राष्ट्रिय महाधिवेशन मातहत र राष्ट्रिय महाधिवेशन सदस्यहरुको अधिनमा हुने छ ।

धारा ३५.१९ अनुशासनको कारबाही :

क) कुनै पनि सदस्यले संघको विधान विपरीत काम कार्वाही गरेमा वा सदस्यको क्रियाकलापले संघको उद्देश्य, मर्यादा र हितमा हानी-नोक्सानी वा अवरोध उत्पन्न भएमा त्यस्ता सदस्यलाई केन्द्रीय कमिटीको बहुमतको निर्णयबाट ठाडै वा निजसँग सम्बन्धित कमिटीको बहुमतद्वारा स्पष्टीकरण माग्न, आलोचना गर्न, निलम्बन गर्न, निष्काशन गर्न र सदस्यता खारेज गर्न सक्नेछ। तर कुनै पनि सदस्यलाई निलम्बन, निष्काशन वा खारेज गर्दा वा व्यवस्थित अभियोग पत्र उपलब्ध गराउँदा निजलाई सुनुवाईको मौका दिइनेछ ।

ख) यसरी कार्वाहीमा परेका सदस्यहरूले माथिल्लो कमिटी, आ-आफ्नो स्तरका भेला वा अधिवेशन समक्ष अपिल गर्न पाउनेछन् । तर, केन्द्रीय कमिटीले कार्वाही गरेको हकमा भने केन्द्रीय कमिटी समक्ष मात्र अपिल गर्न सक्नेछन् ।

ग) संघको कुनै पनि कमिटीले संघको मर्यादा र प्रतिष्ठामा आँच पुऱ्याई अनशुासनहीन र उच्छंखृल ढगंले संघको उद्देश्य वा हित विपरीत काम गरेको उचित र पर्याप्त कारण फेला परेमा वा कुनै पनि कमिटीहरू निष्कृय भएको ठहर भएमा त्यसलाई संगठन विभागको सिफारिसमा केन्द्रीय कमिटीको बहुमतले तत्कालै विघटन गर्न सक्ने छ ।

घ) कनै पनि कमिटीका सदस्यले बारम्बार सुझाव र निदेर्शन दिँदा पनि आफ्नो जिम्मेवारी पूरा नगरी लगातार ३ महिनासम्म निष्कृय रहेमा, लिखित सूचना विना वा उचित कारण विना ३ पटक सम्म बैठकमा अनुपस्थित भएमा निजलाई कमिटीबाट हटाउन वा कमिटीको निर्णयबाट वञ्चित गराउन सकिनेछ ।

धारा ३५.२० पदाधिकारी एवं सदस्यहरूको काम, कर्तव्य र अधिकार :

धारा ३५.२०.१ अध्यक्ष :

क) संगठनलाई नेतृत्व प्रदान गर्ने ।

ख) केन्द्रीय अध्यक्षले केन्द्रीय कमिटीका पदाधिकारी एवं सदस्यहरूको कामको अनुगमन, मूल्यांकन र आवश्यक निर्देशन गर्ने ।

ग) महाधिवेशन, राष्ट्रिय परिषद्, अधिवेशन, केन्द्रीय कमिटी, सचिवालय, स्थायी कमिटी र पदाधिकारीका नीति/निर्णयहरूको कार्यान्वयनमा संघलाई नेतृत्व प्रदान गर्ने ।

घ) महाधिवेशन, राष्ट्रिय परिषद्, अधिवेशन, केन्द्रीय कमिटी, सचिवालय, स्थायी कमिटी र पदाधिकारीको बैठकहरुको अध्यक्षता गर्ने ।

ङ) केन्द्रीय तहका कामहरूको निरीक्षण एवं अनुगमन गर्ने ।

च) कमिटीमा पक्ष-विपक्षमा मत बराबर भएमा निर्णायक मत दिने ।

छ) विधान अन्तरगत रही अन्य आवश्यक काम गर्ने ।

ज) केन्द्रीय कमिटीको म्याण्डेट अनुसार कार्यक्रमहरूको नेतृत्व प्रदान गर्ने ।

झ) अन्य कमिटीका अध्यक्षले सम्बन्धित कमिटीको प्रमुखको हैसियतले सम्पूर्ण कामहरु गर्ने ।

धारा ३५.२०.२ उपाध्यक्ष :

क) अध्यक्षको काममा सहयोग गर्ने ।

ख) पदाधिकारी,स्थायी, सचिवालय र केन्द्रीय कमिटीले तोकेको अन्य काम गर्ने ।

घ) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले तोकेअनुसार कार्यवहाकको रुपमा अध्यक्षले गर्ने कार्य गर्ने ।

धारा ३५.२०.३ महासचिव :

क) अध्यक्षको परामर्शमा बैठकको लागि कार्यक्रम र प्रतिवेदन तयार गर्ने ।

ख) अध्यक्षसँगको परामर्शमा बैठक बोलाउने ।

ख) कमिटीको दैनिक तथा प्रशासनिक कामहरु सञ्चालन गर्ने ।

ग) कमिटीको कागज-पत्र, जायजेथा र सम्पत्ति व्यवस्थित एवं सुरक्षित र अभिलेखीकरण गर्ने ।

घ) विभागीय प्रमुखहरुको संयुक्त बैठक बसाउने तथा विभागीय कामको संयोजन एवं समन्वय गर्ने ।

ङ) केन्द्रीय कमिटीको निर्णयलाई मातहतका कमिटीमा सर्कुलर गर्ने ।

च) मातहत कमिटीको गतिविधीहरुलाई नियमित फलोअप गरी अपडेट गर्ने ।

छ) पदाधिकारी, स्थायी, सचिवालय र केन्द्रीय कमिटीले तोकेको अन्य काम गर्ने ।

धारा ३५.२०.४ उप-महासचिव :

क) नियमित जिम्मेवारी वा कार्यक्षेत्रको कार्य सम्पादन गर्ने

ख) महासचिवको काममा सघाउने, महासचिवको अनुपस्थितिमा महासचिवले तोके अनुसार कार्यवहाक महासचिवको रुपमा कार्य गर्ने ।

ग) पदाधिकारी, स्थायी, सचिवालय र केन्द्रीय  कमिटीले तोकेको अन्य काम गर्ने ।

धारा ३५.२०.५ सचिव :

क) नियमित जिम्मेवारी वा कार्यक्षेत्रको कार्य सम्पादन गर्ने ।

ख) महासचिव र उपमहासचिवको काममा सघाउने ।

ग) महासचिव र उपमहासचिवको अनुपस्थितिमा महासचिव र उपमहासचिवले तोके अनुसारको रुपमा कार्य गर्ने ।

धारा ३५.२०.६ कोषाध्यक्ष/आर्थिक विभाग :

(क) संघको आर्थिक कारोवार तथा कोषको र सो सम्बन्धी कामको जिम्मा लिने ।
(ख) संघको उद्देश्य प्राप्तिका लागि कारोवार तथा लेखा सम्बन्धमा तोकिए बमोजिमका उपयुक्त लेखा पुस्तिका, खाताहरु नियमानुसार दुरुस्त राख्ने वा राख्न लगाउने ।
(ग) महाधिवेशन तथा केन्द्रीय कमिटीले मागेका वखत संघको दैनिक कारोवारसँग सम्वन्धित विवरण उपलव्ध गराउने ।
(घ) आवश्यकता अनुरुप संघको कारोवार, आम्दानी खर्च, कोषको अवस्था सम्बन्धमा केन्द्रीय कमिटी तथा महाधिवेशन समक्ष प्रतिवेदन पेश गर्ने ।

धारा ३५.२०.७ सदस्यहरू :

क) यस संघका सदस्यहरूले संघको भेला, बैठक, अधिवेशन र महाधिवेशनमा आ-आफ्नो हैसियतको आधारमा भाग लिने, छलफल गर्ने र सुझाव पेश गर्ने अधिकार राख्नेछन् ।

ख) सदस्यहरूले संघको नीति, कार्यक्रम तथा नेतृत्वको आचरण, व्यवहारको बारेमा आ-आफ्नो स्तरबाट रचनात्मक आलोचनागर्न पाउनेछन् ।

ग) कार्यालय, स्थायी र सचिवालयका नीति कार्यक्रमलाई अनुमोदन गरी कार्यान्वयन गर्ने ।

घ) केन्द्रीय कमिटीका प्रतिवेदन, नीति तथा कार्यक्रमहरूमा राय दिने ।

ङ) संघका सदस्यहरूले आ-आफ्नो प्रतिभा र योग्यताको विकास गर्ने हरेक अवसरहरू प्रयोग गर्न पाउने छन् ।

च) संघका सदस्यहरूले कुनै पनि कमिटीमा चुन्ने र चुनिने अधिकार पूर्ण रुपमा उपयोग गर्न पाउने छन् ।

छ) संघका सदस्यहरू आ-आफ्नो जिम्मेवारी र हैसियत अनुसार संघको कार्यक्रम, योजना र नीति निर्देशनहरुलाई आ-आफ्नो क्षेत्रमा प्रभावकारी ढंगले लागु गर्न गराउन सदैव प्रयत्नशील रहने छन् ।

ज) संघका सदस्यहरूले संगठनलाई अहित हुने र संगठनको मर्यादामा आँच आउने कुनै पनि क्रियाकलाप गर्ने र गराउने छैनन् ।

धारा ३५.२१ विभागीय प्रमुखको काम, कर्तव्य र अधिकार :

क) आ-आफ्नो विभागको नेतृत्व गर्ने र विभागीय वैठकको अध्यक्षता गर्ने ।

ख) आ-आफ्नो विभागको कार्ययोजना तयार पारी कार्यालय, स्थायी कमिटी, सचिवालय र केन्द्रीय कमिटी वैठकमा पेश गर्ने ।

ग) विभाग गठनका लागि नाम सिफारिस गर्ने ।

घ) महासचिवसँग समन्वय गरी विभागीय वैठक नियमित बोलाउने ।

ङ) बनाइएको योजनाहरुलाई कार्यान्वयन गर्न नेतृत्व प्रदान गर्ने ।

च) विभागका सदस्यहरुको मूल्यांकन प्रतिवेदन तयार गरी कार्यालय, स्थायी कमिटी, सचिवालय र केन्द्रीय कमिटी वैठकमा पेश गर्ने ।

धारा ३५.२२ विभागीय उप-प्रमुखको काम, कर्तव्य र अधिकार :

क) विभागीय प्रमुखलाई सहयोग गर्ने ।

ख) विभागीय वैठकले तोकेको अन्य कार्यहरु गर्ने ।

धारा ३५.२३ विभागीय सचिव र सदस्यको काम, कर्तव्य र अधिकार :

क) विभागीय सचिवले विभागीय प्रमुखको परामर्शमा विभागको वैठक राख्ने ।

ख) विभागको कामलाई विशेष जिम्मेवारी वा कार्यक्षेत्र मानी काम गर्ने ।

ग) विभागले तोकेको जिम्मेवारी पूरा गर्ने ।

घ) विभागको वैठकमा सहभागी हुने ।

धारा ३५.२४ विभागीय सदस्य हुन योग्यता

क) एक कार्यकाल विभागीय सदस्य भएको वा प्रदेश कमिटी सदस्य भएको वा सो सरहको कमिटीमा काम गरेको हुनुपर्नेछ ।

ख) एक कार्यकाल जिल्ला पदाधिकारी भएको वा सो सरहको कमिटी वा दुई कार्यकाल जिल्ला कमिटीमा काम गरेको हुनुपर्नेछ ।

ग) संघीय निर्वाचन क्षेत्र समन्वय कमिटी वा प्रदेश निर्वाचन क्षेत्र समन्वय कमिटीमा काम गरेको हुनुपर्नेछ ।

घ) अन्य जन संगठनको जिल्ला वा सो भन्दा माथील्लो कमिटी वा उल्लेख गरिएका कुनै पनि कमिटी सरहको जिम्मेवारी पुरा गरिसकेको हुनुपर्नेछ ।

ङ) संघको सदस्यता नविकरण भएको हुनुपर्नेछ ।

*(पुनश्चः विभागका सदस्यहरुको मूल्यांकन गर्दा विभागीय कामलाई आधार बनाइने छ)*

धारा ३५.२५ विभागीय काम :

धारा ३५.२५.१ संगठन विभाग :

क) सदस्यताको विवरण लिई आवश्यक तथ्यांक तयार पार्नुको साथै सम्पूर्ण मातहत कमिटीका प्रोफाइल दुरुस्त राख्ने ।

ख) राजनीतिक एवम् सांगठनिक विवरणलाई अभिलेखका रुपमा राख्ने ।

ग) मातहत कमिटीका भेला, वैठक र अधिवेशन नियमित पार्न आवश्यक निर्देशन र पहल गर्ने ।

घ) संगठनसँग सम्बन्धित विषयहरुमा विशेष पहलकदमी लिने ।

धारा ३५.२५.२ कार्यालय विभाग :

(क) कार्यालयको दैनिक काम सञ्चालन गर्ने ।

(ख) कार्यालयमा आएका सूचना लिने र आवश्यक प्रचार गर्ने ।

(ग) महासचिवसँग समन्वयगरी मातहत कमिटी र विभिन्न विभागका काम, योजना र सूचना संकलन गर्ने ।

(घ) सर्कुलर तथा प्रकाशन भएका सामाग्रीहरु वितरण गर्ने र त्यसको विवरण राख्ने ।

(ङ) कार्यालयबाट सम्पर्क गर्ने, पत्राचार गर्ने ।

धारा ३५.२५.३ महिला विभाग :

(क) युवा महिलाहरु बीचमा संघलाई स्थापित गर्न रचनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ख) महिला गतिविधिसँग सम्बन्धित विभिन्न संघ-संस्थाहरुसँग सम्पर्क विस्तार गर्ने ।

(ग) संघमा महिला सहभागिता वृद्धिका लागि तल्ला  कमिटीसम्म विभागहरु निर्माण गर्ने, विभिन्न विषयमा गोष्ठी र सेमिनार आयोजना गर्ने, विस्तारित बैठक र राष्ट्रिय भेलाको आयोजना गर्ने, महिलासँग सम्बन्धित विभिन्न राष्ट्रिय ⁄ अन्तर्राष्ट्रिय दिवस समारोहमा क्रियाशील हुने, आफ्ना गतिविधि र विचारहरुलाई सम्बन्धित क्षेत्र र तहसम्म पुऱ्याउन महिला आवाज प्रकाशित गर्ने ।

(घ) संघमा युवा महिला सहभागिता र भूमिका अभिवृद्धिका लागि अन्य आवश्यक नीति तथा कार्यक्रमहरुको तर्जुमा गर्ने ।

धारा ३५.२५.४ प्रशिक्षण विभाग :

क) व्यवस्थित क्यालेन्डर तयार गरी देशव्यापी प्रशिक्षण शिविर सञ्चालनका लागि योजना बनाउने ।

ख) प्रशिक्षणका लागि पाठ्यक्रम तयार गरी त्यस अनुरूप ज्ञानमाला तथा अन्य पाठ्यसामाग्री प्रकाशन गर्ने ।

(ग) केन्द्रीय पुस्तकालय व्यवस्थित गरी सञ्चालन गर्ने ।

(घ) संघभित्र नेता-कार्यकर्ताको सैद्धान्तिक, वैचारिक स्तर उकास्न प्रशिक्षण शिविर सञ्चालन गर्ने ।

धारा ३५.२५.५ विदेश विभाग :

क) अन्तर्राष्ट्रिय क्षेत्रमा सम्पर्क र सम्बन्ध विस्तार गर्ने ।

ख) विभिन्न देशमा रहेका युवा संगठनहरुसँग भाइचारा तथा कुटनैतिक सम्बन्ध विकास र विस्तार गर्ने ।

ग) अन्तर्राष्ट्रिय क्षेत्रमा संघको नीति तथा कार्यक्रमहरुको प्रचार-प्रसार गर्ने र त्यसको लागि युथ भ्वाइस, बुलेटिन आदि प्रकाशन गर्ने ।

घ) अन्तर्राष्ट्रिय युवा आन्दोलनलाई राष्ट्रिय युवा संघ नेपालको तर्फबाट नेतृत्व प्रदान गर्न पहल गर्ने साथै, अन्तर्राष्ट्रिय रुपमा स्थापित WFDY लगायतका संगठनहरुको नेतृत्व तहमा प्रभावकारी र निर्णायक भूमिका निर्वाह गर्ने ।

धारा ३५.२५.६ प्रचार विभाग :

क) संघका तर्फबाट दिइने सम्पूर्ण सूचना सार्वजनिक माध्यमबाट प्रवाह गरी संघको प्रवक्ताको भूमिका निर्वाह गर्ने ।

ख) संघका नीति, कार्यक्रम र गतिविधिको व्यापक प्रचार-प्रसार गर्ने ।

ग) मातहत कमिटी र माथिल्लो कमिटीको प्रचारका कामलाई व्यवस्थित पार्न आवश्यक नीति र कार्यक्रम तर्जुमा गर्ने ।

घ) संघका मातहत कमिटीहरुमा आवश्यक प्रचार गोष्ठी तथा तालिम प्रदान गर्ने ।

धारा ३५.२५.७ आर्थिक विभाग :

क) संघको कोष तथा आर्थिक मामिला सम्वन्धि कामहरु व्यवस्थित गर्ने ।

ख) संघको आर्थिक योजनालाई प्रभावकारी बनाउन पदाधिकारी बैठकमा कार्ययोजना प्रस्तुत गर्ने ।

ग) संघको कारोबारलाई चुस्त-दुरुस्त राख्न विषयगत विज्ञहरुको सुझाव लिई पदाधिकारी बैठकमा नीति प्रस्तुत गर्ने ।

घ) संघका सबै तहका आर्थिक कारोबारहरुलाई 'पब्लिक अडिट' गर्न आवश्यक पहलकदमी गर्ने ।

ङ) मातहत कमिटीलाई समेत लेखा सम्बन्धी ज्ञानले निपुर्ण बनाउन लेखा सम्बन्धी प्रशिक्षण क्याम्प सञ्चालन गर्न स्थायी कमिटी वा सचिवालय बैठकमा आवश्यक सुझाव पेश गर्ने ।

धारा ३५.२५.८ युथ फोर्स विभाग

(क) पार्टी तथा संघको तर्फबाट आयोजना हुने भेला, प्रशिक्षण लगायतका कार्यक्रमहरूमा आवश्यक विशेष स्वयंसेवकको भूमिका निर्वाह गर्ने ।

(ख) पार्टी तथा संघका नेता कार्यकर्ताको सुरक्षाका लागि आवश्यक योजना बनाई विशेष स्वयंसेवकको भूमिका निर्वाह गर्ने ।

(ग) प्रकृतिक प्रकोप लगायतका विपत्तीबाट जनधनको क्षति हुन नदिन र न्युनिकरण गर्न आवश्यक योजना बनाइ विशेष स्वयंसेवकको भूमिका निर्वाह गर्ने ।

(घ) विशेष स्वयंसेवकको वृत्ति-विकासका लागि आवश्यक तालिमहरू संचालन गर्ने ।

धारा ३५.२५.९ प्रकाशन विभाग :

क) संघका नियमित प्रकाशन (युवा आवाज लगायत प्रचार सामाग्री) हरुको सम्पादन तथा प्रकाशन गर्ने ।

ख) संघका मुखपत्र आदिको प्रकाशन गरी संघको नीति, कार्यक्रम र विचारलाई युवा समुदाय तथा जनमानसमा पुऱ्याउने ।

ग) मातहत कमिटीका सम्पूर्ण प्रकाशनहरुको संकलन, अनुगमन तथा अभिलेख राख्ने ।

घ) प्रकाशन सम्बन्धी विशेष आचार संहिता बनाई मातहत कमिटीलाई निर्देशित गर्ने ।

धारा ३५.२५.१० शिक्षा विभाग :

क) शैक्षिक क्षेत्रमा हुने सबैखाले गतिविधिका बारेमा संघको स्पष्ट नीति तय गर्ने ।

ख) शैक्षिक क्षेत्रको कामलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि आवश्यक नीति र कार्यक्रम तर्जुमा गर्ने ।

ग) शैक्षिक सवालमा बहस, अन्तरक्रिया, गोष्ठी तथा सेमिनार आयोजना गर्ने ।

घ) शैक्षिक आन्दोलनलाई प्रभावकारी र उपलब्धिमूलक बनाउन सम्बन्धित संस्था वा क्षेत्रले चालेका कदमहरुमा संघको नीतिसँग नबाझिने गरी प्रभावकारी सहभागिता र ऐक्यबद्धता जनाउन आवश्यक पहल गर्ने ।

धारा ३५.२५.११ खेलकुद विभाग :

क) खेलकुद सम्बन्धी वार्षिक क्यालेन्डर तय गरी स्थायी कमिटी बैठकमा कार्यक्रम पेश गर्ने ।

ख) खेलकुद गतिविधि मार्फत् संघलाई खेलकुद प्रेमी व्यक्तित्व एवम् युवा माझमा लोकप्रिय तथा स्थापित गर्ने लक्ष्य सहित आवश्यक कार्यक्रम तथा गतिविधि सञ्चालन गर्ने ।

ग) संघका मातहत कमिटीलाई खेलकुद सम्बन्धी तालिम प्रदान गर्ने तथा मातहत कमिटी र अन्य संस्थासँग संयोजन गरी खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्ने ।

घ) खेलकुदको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा विभिन्न पदक प्राप्त खेलाडीहरुलाई थप प्रोत्साहन गर्न संघका तर्फबाट सम्मान लगायत प्रोत्साहन मूलक कार्यक्रम सञ्चालन गर्ने ।

धारा ३५.२५.१२ नीति, योजना तथा अनुसन्धान विभाग :

क) संघले तय गर्ने नीति, कार्यक्रम र कार्ययोजनालाई समृद्ध बनाउन विषयगत विज्ञ/क्षेत्रलाई अनुसन्धानको स्रोत बनाई स्थायी कमिटी बैठकमा आवश्यक योजना प्रस्तुत गर्ने ।

ख) संघले तय गर्नुपर्ने योजनालाई अनुसन्धानमा आधारित बनाउन स्थायी कमिटी बैठकमा नीति तथा कार्यक्रम प्रस्तुत गर्ने ।

ग) संघले अपनाउने अनुसन्धानको तरिकालाई प्रभावकारी बनाउन संघको तर्फबाट विषयगत विज्ञहरुको सहभागितामा विभिन्न सेमिनार र गोष्ठी आयोजना गर्ने ।

घ) संघले तय गर्ने योजनालाई प्रभावकारी बनाउन संघको तर्फबाट विषयगत विज्ञहरुको सहभागितामा विभिन्न सेमिनार र गोष्ठी आयोजना गर्ने ।

ङ) योजना तथा अनुसन्धान सम्बन्धी विषयगत विज्ञले दिएका सुझाव तथा सेमिनार/गोष्ठीबाट निकालिएका निष्कर्षहरुलाई मातहत कमिटीमा प्रवाह गर्ने ।

धारा ३५.२५.१३ विकास निर्माण, उत्पादन र समृद्धि विभाग :

क) विकास निर्माण र उत्पादनका माध्यमबाट समृद्धि हासिल गर्न सरकारले चलाउने अभियानहरुमा संघका कार्यकर्ता परिचालन सम्बन्धी योजना स्थायी कमिटी बैठकमा पेश गर्ने ।

ख) संघका कार्यकर्ता अनिवार्य उत्पादन जोडिनुपर्ने नीतिलाई प्रभावकारी बनाउन स्थायी कमिटी बैठकमा आवश्यक योजना प्रस्ताव गर्ने ।

ग) सरकारले विकास निर्माण, उत्पादन र समृद्धिमा चाहेको उपलब्धि हासिल गर्न चाल्नुपर्ने कदम बारे संघले उचित सुझाव राख्न सक्ने गरी आवश्यक निष्कर्ष निकाल्न विभिन्न सोमिनार/गोष्ठी आयोजना गर्ने ।

धारा ३५.२५.१४ कृषि विभाग :

क) युवालाई कृषि पेशामा आकर्षित गर्न सरकारले उपलब्ध गराएका सेवा-सुविधा बारे प्रभावकारी जानकारी गराउन अपनाउनु पर्ने विधि बारे स्थायी कमिटी बैठकमा योजना प्रस्तुत गर्ने ।

ख) कृषि पेशालाई सम्मानित र मर्यादित बनाउने आवश्यक नीति तथा कार्यक्रम निर्माणमा सरकारको ध्यानाकर्षण गराउन आवश्यक कार्यक्रम तय गर्ने ।

ग) कृषिको आधुनिकीकरण र व्यावसायीकीकरणका लागि विभिन्न गोष्ठी/सेमिनार लगायतका कार्यक्रम सञ्चालन गर्ने ।

घ) कृषि उपज तथा प्रविधिहरुको प्रदर्शनी तथा प्रयोग बारे गतिविधि सञ्चालन गर्ने ।

धारा ३५.२५.१५ सहकारी विभाग :

क) सहकारी सम्बन्धी नीति-नियम र यसको माध्यमबाट हुने फाइदा बारे यथार्थ जानकारी जनसमक्ष पुर्‍याउन आवश्यक योजना स्थायी कमिटी बैठकमा प्रस्तुत गर्ने ।

ख) सहकारीलाई लक्षित समूहमा पुर्‍याउन तथा सहकारीहरुमा रहेको विकृति चिरफार गर्न संघको तर्फबाट आवश्यक समन्वय गरी स्वयंसेवक परिचालन गर्ने ।

ग) सहकारी सम्बन्धी विभिन्न सेमीनार/गोष्ठी लगायतका कार्यक्रम सञ्चालन गर्ने र मातहत कमिटीलाई पनि गर्न लगाउने ।

घ) संघमा आबद्ध नेता/कार्यकर्ताहरुलाई सहकारी मार्फत उत्पादन कार्यमा आकर्षित गर्न उत्प्रेरकको भूमिका खेल्ने ।

धारा ३५.२५.१६ विज्ञान, प्रविधि तथा नवप्रवर्तन विभाग :

क) विज्ञान तथा नवप्रवर्तन क्षेत्रमा भइरहेका नयाँ आविष्कारबारे सु-सुचित हुन र त्यसको उपयोग गर्ने बारे संघका नेता-कार्यकर्तालाई अभ्यस्त बनाउन आवश्यक कार्यक्रम स्थायी कमिटी बैठकमा प्रस्तुत गर्ने ।

ख) संघको वेब-साइट व्यवस्थित गर्ने ।

ग) विज्ञान, प्रविधि र नवप्रवर्तन सम्बन्धी विभिन्न प्रदर्शनीको आयोजना गर्ने ।

घ) संघको भेला, बैठक तथा कार्यक्रमहरुमा प्रविधिलाई उच्चतम प्रयोगमा ल्याउने ।

ङ) विज्ञान तथा नवप्रवर्तनमा लागेका युवाहरुलाई प्रेरित गर्ने वातावरण सिर्जनाको पहल कदमी लिने ।

धारा ३५.२५.१७ श्रम तथा रोजगार विभाग :

क) नेपाली श्रमको यथार्थ अवस्था बारे लगत संकलन गर्ने ।

ख) नेपालभित्र रहेको श्रम बजार तथा बेरोजगारीको लगत संकलन गर्ने ।

ग) श्रमिकको समस्या र समाधानका यर्थाथ उपाय बारे सरकारको ध्यानाकर्षण गराउन स्थायी कमिटी बैठकमा आवश्यक नीति, कार्यक्रम र योजना प्रस्तुत गर्ने ।

घ) श्रमिकका रोजगारी सम्बन्धी समस्या समाधान गर्न सरकारले चाल्नु पर्ने कदम बारे निष्कर्ष निकाल्न सरकारी निकायका व्यक्तिहरुलाई सहभागी गराई विभिन्न सेमिनार/गोष्ठीको आयोजना गर्ने ।

धारा ३५.२५.१८ पेशागत विभाग :

क) विभिन्न पेशामा रहेका युवाहरु बीच संघलाई स्थापित गर्न गर्नु पर्ने काम बारे स्थायी कमिटी बैठकमा आवश्यक योजना प्रस्तुत गर्ने ।

ख) पेशागत हक-हित सम्बन्धी न्यायोचित आन्दोलन र अभियानहरुमा संघको तर्फबाट ऐक्यबद्धता सहित सक्रिय सहभागिता जनाउने ।

ग) विभिन्न पेशामा संलग्न व्यक्तिहरुका ज्ञान, सीप, दक्षता र अनुभवलाई प्रभावकारी हस्तान्तरण सम्बन्धी सेमिनार/गोष्ठी, अनुसन्धान, लगत संकलन लगायतका कार्यक्रम आयोजना गर्ने ।

धारा ३५.२५.१९ पर्यटन विभाग :

क) पर्यटकीय स्थलहरुको उचित पहिचान र प्रचार-प्रसारका लागि संघका नेता-कार्यकर्ताको परिचालन सम्बन्धी कार्ययोजना स्थायी कमिटी बैठकमा प्रस्तुत गर्ने ।

ख) आन्तरिक र बाह्य पर्यटन प्रबर्द्धन सम्बन्धी सरकार र निजी क्षेत्र सम्बद्ध व्यक्ति, संस्था तथा विभिन्न देशका प्रवास कमिटीसँग समन्वय गरी पर्यटन प्रबर्द्धनका आकर्षक गतविधि तथा कार्यक्रम संचालन गर्ने ।

ग) पर्यटन प्रबर्द्धनको उचित नीति निर्माण गर्न आवश्यक सुझाव सहित सरकारलाई ध्यानाकर्षण गराउने ।

घ) पर्यटन प्रवर्द्धन मूलक आवश्यक प्रचार तथा प्रकाशन सम्बन्धी योजना संघको स्थायी कमिटी वैठकमा पेश गर्ने ।

धारा ३५.२५.२० सार्वजनिक वित्त विभाग :

क) सहकारी क्षेत्रबाहेक वित्तीय कारोबार हुने निकायहरुमा संघलाई स्थापित गर्न स्थायी कमिटी बैठकमा योजना प्रस्तुत गर्ने ।

ख) बेला-बेला उत्पन्न हुने वित्तीय असन्तुलनका कारण राष्ट्रिय अर्थतन्त्रमा पार्ने नकारात्मक असरलाई न्यूनीकरण गर्न सरकारले चाल्नुपर्ने कदमका बारेमा ध्यानाकर्षण गराउने ।

ग) सार्वजनिक वित्तलाई वस्तु आयात प्रतिस्थापन गर्ने उद्योग स्थापनामा प्रवाह गराउन संघको तर्फबाट पहल गर्ने ।

घ) सार्वजनिक वित्त सम्बन्धी जानकारीका लागि विषयगत विज्ञहरुको सहभागितामा सेमिनार/गोष्ठी, अन्तरक्रिया लगायतका कार्यक्रम सञ्चालन गर्ने ।

धारा ३५.२५.२१ उद्योग विभाग :

क) लगानीकर्ता र श्रमिकबीचको सम्बन्धलाई सुमधुर बनाई सुदृढ औद्योगिक वातावरण बनाउन संघको तर्फबाट पहल गर्ने ।

ख) आयात प्रतिस्थापन उद्योग स्थापनाका लागि संघका नेता-कार्यकर्तालाई परिचालन गर्ने सम्बन्धी योजना स्थायी कमिटी बैठकमा प्रस्तुत गर्ने ।

ग) उद्योगमा हुने चन्दा आतंकलाई अन्त्य गराउन संघको तर्फबाट विशेष अभियानको नेतृत्व गर्ने ।

घ) सरकारी निकायबाट स्वदेशमा रहेका विभिन्न उद्यमी/उद्योगीले पाउनुपर्ने सेवा-सुविधा, ढिलासुस्तीको अन्त्य लगायत विषयवस्तुको समाधानका लागि सरोकारवाला पक्षहरूलाई सहभागी गराई अन्तर्क्रियाका कार्यक्रम सञ्चालन गर्ने ।

धारा ३५.२५.२२ स्वास्थ्य विभाग :

क) स्वास्थ्य सम्बन्धी विभिन्न शिविरहरु सञ्चालन गर्ने ।

ख) स्वास्थ्य सम्बन्धी जनचेतना मूलक कार्यक्रम सञ्चालन गर्ने ।

ग) स्वास्थ्य नीतिलाई प्रभावकारी बनाउन विभिन्न विषयमा विषयगत विज्ञहरुलाई सहभागी गराई सेमिनार/गोष्ठी, अन्तरक्रिया लगायतका कार्यक्रम आयोजना गर्ने ।

घ) 'निरोगी नेपाल' अभियान सञ्चालन गर्न स्थायी कमिटी बैठकमा नीति/कार्यक्रम प्रस्तुत गर्ने ।

धारा ३५.२५.२३ साइबर सर्कल विभाग :

क) संघका नेता-कार्यकर्ताले सामाजिक संजाल प्रयोग सम्बन्धी पालना गर्नुपर्ने आचार संहिता निर्माण गरी स्थायी कमिटी वा सचिवालय बैठकमा प्रस्तुत गर्ने ।

ख) मातहत कमिटीका नेता-कार्यकर्तालाई समेत सामाजिक संजालको प्रयोगमा प्रभावकारी सहभागी गराउन स्थायी कमिटी वा सचिवालय बैठकमा विशेष योजना पेश गर्ने ।

ग) सामाजिक संजालबाट प्रवाह गर्ने सामाग्रीको उत्पादन गर्ने र त्यसलाई सम्बन्धित व्यक्ति वा निकायमा पु¥याउन पहल गर्ने ।

घ) साइबर दुनियाँलाई सु-व्यवस्थित गर्न अपनाउनुपर्ने नीति र विधिका बारेमा उचित निष्कर्ष निकाल्न विषयगत विज्ञहरूको सहभागितामा अन्तरक्रिया सहित सरकार समक्ष आवश्यक नीतिगत सुझाव पेश गर्ने ।

धारा ३५.२५.२४ सामाजिक सेवा विभाग :

क) सामाजिक सेवालाई प्रभावकारी बनाउन स्थायी कमिटी बैठकमा योजना प्रस्तुत गर्ने ।

ख) सामाजिक सेवाका नाममा हुने जातिगत, भाषागत र धार्मिक अतिरञ्जित गतिविधि रोक्न विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने ।

ग) सामाजिक सेवाको काममा संघका नेता-कार्यकर्ताहरु अब्बल हुनेगरी प्रभावकारी परिचालन गर्ने ।

घ) सामाजिक सेवा सम्बन्धी विभिन्न अभियान सञ्चालन गर्न स्थायी कमिटी वा सचिवालय बैठकमा कार्यक्रम पेश गर्ने ।

धारा ३५.२५.२५ कला, साहित्य र संस्कृति विभाग :

क) प्रगतिशील कला, साहित्य र संस्कृतिको सम्बर्द्धन र प्रबर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम स्थायी कमिटी बैठकमा प्रस्तुत गर्ने ।

ख) संघका नेता-कार्यकर्ताबाट नै प्रगतिशील कला, साहित्य र संस्कृति अपनाउन विशेष सचेतना अभियानको आयोजना गर्ने ।

ग) प्रगतिशील साहित्यिक गोष्ठीहरुको आयोजना गर्ने ।

धारा ३५.२५.२६ प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन विभाग :

क) प्राकृतिक प्रकोप सम्बन्धी जनचेतना मूलक कार्यक्रम सञ्चालन गर्ने ।

ख) प्राकृतिक प्रकोपबाट हुने क्षति न्यूनीकरण सम्बन्धी जनचेतना मूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

ग) उद्धार, राहत तथा पुनर्निर्माणका लागि आवश्यक परे संघका नेता-कार्यकर्ताको 'रेस्क्यु टोली' नै गठन गरी स्वयम् परिचालित हुने वा आवश्यक पर्दा राज्यका निकायहरुसँग समन्वय गरी परिचालनको अगुवाई गर्ने ।

धारा ३५.२५.२७ स्वयंसेवक विभाग :

क) पार्टी र संघका नेता-कार्यकर्ताको सुरक्षा सम्बन्धी विशेष योजना स्थायी कमिटी बैठकमा पेश गर्ने ।

ख) स्वयंसेवकलाई तन्दुरुस्त राख्न तालिमको व्यवस्था गर्ने ।

ग) पार्टी र संघका कार्यक्रमहरु (भेला, बैठक, सभा-अधिवेशन लगायत) मा प्रभावकारी स्वयंसेवकीय भूमिका निर्वाह गर्ने ।

घ) स्वयंसेवकको भूमिकामा परिचालित हुँदा संघको पृथक पहिचान स्थापित गर्ने ।

धारा ३५.२५.२८ प्राकृतिक स्रोत-साधन विभाग :

क) प्राकृतिक स्रोत-साधनको उचित पहिचान गर्न गर्नु पर्ने कामबारे स्थायी कमिटी बैठकमा योजना प्रस्तुत गर्ने ।

ख) प्राकृतिक स्रोत-साधनको खोजतलास गर्न संघका नेता-कार्यकर्ता परिचालनको पहलकदमी गर्ने ।

ग) खोजतलासपछि प्राकृतिक स्रोत-साधनको लगत संकलन गर्ने ।

घ) प्राकृतिक स्रोत-साधनको सदुपयोग गर्न र दोहन रोक्न विभिन्न जनचेतना मूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

ङ) विषयगत विज्ञहरूको सहभागितामा गोष्ठीहरु आयोजना गर्ने ।

धारा ३५.२५.२९ वन तथा वातावरण विभाग :

क) वन तथा वातावरण संरक्षण सम्बन्धी सन्देशमूलक सामाग्री प्रकाशन गरी जनचेतना मूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

ख) वन तथा वातावरण संरक्षणलाई थप प्रभावकारी बनाउन सरकारी निकाय, विषयगत विज्ञहरू लगायतको सहभागितामा विभिन्न सेमिनार/गोष्ठी आयोजना तथा आवश्यक निष्कर्ष सरकारलाई सुझावका रुपमा पेश गर्ने ।

धारा ३५.२५.३० न्याय तथा कानुन विभाग :

क) स्वतन्त्र न्यायपालिकाको मान्यतामा आधारित न्याय सम्पादनको पक्षमा पैरवी गर्ने ।

ख) शक्ति पृथकीकरणको सिद्धान्तमा आधारित न्यायलयको पक्षमा वकालत गर्ने ।

ग) कानुनको नजरमा सबै बराबरको मान्यताका पक्षमा वकालत गर्ने ।

घ) न्याय तथा कानुन सम्बन्धी विविध कार्यक्रमहरु सञ्चालन गर्ने ।

धारा ३५.२५.३१मानव अधिकार विभाग :

क) मानव अधिकारका अन्तर्राष्ट्रिय सन्धि, अभिसन्धि, महासन्धिको हु-बहु कार्यान्वयनका लागि संघको तर्फबाट पहलकदमी गर्ने ।

ख) गम्भीर मानव अधिकार उलङ्घनका घटनामा संलग्न दोषीलाई हदैसम्मको कारबाहीका लागि संघको तर्फबाट दबाब सिर्जना गर्ने ।

ग) मानव अधिकार आयोग माथि हुने सबै प्रकारका हस्तक्षेप बिरुद्ध उठेका आवाज र कार्यक्रमहरुमा ऐक्यबद्धता र सक्रिय सहभागिताको नेतृत्व गर्ने ।

(घ) मानव अधिकार सम्बन्धी विविध जनचेतना मूलक कार्यक्रम सञ्चालन गर्ने ।

धारा ३५.२५.३२ समारोह व्यवस्थापन विभाग :

क) संघको तर्फबाट आयोजना हुने बैठक, भेला, प्रशिक्षण लगायतका कार्यक्रमहरुको व्यवस्थापन सम्बन्धी सम्पूर्ण तयारी गर्ने ।

ख) समारोह व्यवस्थापन सम्बन्धी विकसित कार्यकुशलताका विभिन्न तौर-तरिकाबारे जानकारी हासिल गर्न विषय विज्ञताको सहभागितामा विविध कार्यक्रमहरु आयोजना गर्ने ।

ग) समारोह व्यवस्थापनमा सकेसम्म आकर्षक र फरक शैली अपनाउने ।

घ) मातहत कमिटीमा समारोह व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गर्न सहजीकरण गर्ने ।

धारा ३५.२५.३३ <u>रचनात्मक विभाग :</u>

क) विभिन्न रचनात्मक गतिविधीको आयोजना गर्ने ।

ख) नविनतम सोचका साथ युवाका एजेण्डाहरुलाई सिर्जनात्मक हिसावले स्थापित गर्ने ।

ग) आन्दोलन र गतिविधीलाई रचनात्मक एवं सिर्जनात्मक बनाउने ।

घ) संघका उद्देश्य र कार्यक्रमलाई रचनात्मक हिसावले आम युवाका बीचमा पुऱ्याउन प्रभावकारी कार्यक्रमहरु आयोजना गर्ने ।

धारा ३५.२५.३४ <u>ज्ञान तथा सीप विकास विभाग :</u>

क) नयाँ नयाँ ज्ञानको खोज तथा अनुसन्धान गर्ने ।

ख) युवा उद्यमशीलता तथा आत्मनिर्भरताका लागि सीप विकासका विभिन्न कार्यक्रम तथा अभियानहरु सञ्चालन गर्ने ।

ग) सीप र श्रमलाई जोड्ने विविध कार्यक्रमहरु गर्ने आयोजना ।

घ) युवाहरुमा बैज्ञानिक ज्ञान र चेतना बृद्धि गर्ने कार्यक्रमहरु गर्ने

ङ) दक्ष जनशक्ति निर्माणमा योगदान पुऱ्याउने विविध कार्यक्रमहरु गर्ने ।

च) ज्ञान तथा शिप विकास गर्न विभिन्न सरकारी वा गैह्र-सरकारी निकायसँग समन्वय गरि कार्यक्रमहरु गर्ने ।

धारा ३५.२५.३५ <u>नेतृत्व विकास विभाग :</u>

क) युवा नेतृत्व विकास सम्बन्धि कार्यक्रम गर्ने ।

ख) नेतृत्व विकासका लागि आवश्यक विविध पक्षहरु (व्यक्तित्व विकास, लेखन तथा वाककला विकास, भाषा ज्ञान) आदिका कक्षाहरु सञ्चालन गर्ने ।

ग) संघका सदस्यहरुको नेतृत्व विकास गर्ने ।

**भाग- ८**

धारा ३६. <u>आर्थिक व्यवस्था :</u>

क) राष्ट्रिय युवा संघ नेपालका प्रत्येक तहका कमिटीहरूमा कार्यरत सदस्यहरूले प्रत्येक महिना घटीमा रु.५०/- (पचास रुपियाँ) लेवी सम्बन्धित कमिटीमा अनिवार्य बुझाउनु पर्नेछ ।

ख) प्रत्येक कमिटीहरूले माथिल्लो कमिटीद्वारा तोकिएको मासिक लेबी मासिक रुपमा माथिल्लो कमिटीमा अनिवार्य रुपमा पठाउनु पर्ने छ ।

ग) प्रत्येक कमिटीले आय-व्ययको स्पष्ट लिखित विवरण राख्नु पर्नेछ। केन्द्रीय कमिटी र मातहत कमिटीमा केन्द्रीय लेखा आयोगले व्यवस्था गरेअनुसार वार्षिक रुपमा नियमानुसार लेखा परीक्षण गराउनु पर्ने छ।

घ) मातहतका प्रत्येक कमिटीले हरेक अधिवेशनबाट पारित आय-व्यय विवरण अधिवेशन सम्पन्न भएको ३ महिनाभित्र माथिल्लो कमिटीमा पठाउनु पर्ने छ।

ङ) राष्ट्रिय महाधिवेशनबाट पारित आय-व्यय विवरण महाधिवेशन सम्पन्न भएको ३ महिनाभित्र प्रकाशन तथा सार्वजनिक गरी मातहतका कमिटीमा पठाउनु पर्ने छ।

च) प्रत्येक कमिटीहरूले आफ्नो आर्थिक सुदृढीकरणका निम्ति साँस्कृतिक कार्यक्रम, प्रकाशन र अन्य विविध कार्यक्रमहरू गरी आयस्रोत व्यवस्थापन गर्न सक्ने छन्।

छ) कमिटीका सदस्यहरूलाई आर्थिक उत्पादनका विविध क्षेत्र र रोजगारीमा संलग्न गराई ती सदस्यहरुबाट नियमित सहयोग प्राप्त गर्ने।

ज) प्रत्येक कमिटीहरूले माथिल्लो कमिटीको अनुमतिमा विशेष आर्थिक सङ्कलन गरी आफै खर्च गर्न सक्ने छन्।

झ) सदस्यता शुल्क बापत् उठेको सदस्यता शुल्कमध्ये रु. २०।- पालिका कमिटीमा, रु. २०।-, प्रदेश कमिटीमा रु. १० र बाँकी रहेको रु. ५०- केन्द्रीय कमिटी समक्ष बुझाउनु पर्नेछ।

ञ) लेखा आयोगले कुनै पनि बेला तल्ला कमिटीको हिसाब लेखा परीक्षण गर्न सक्नेछ।

ट) केन्द्रीय कमिटीले आर्थिक सङ्कलनको विशेष नीति कार्यक्रम बनाई आर्थिक सहयोग सङ्कलन तथा खर्च गर्न सक्ने छ।

## भाग-९

धारा ३७. <u>बैठक</u> :

क) केन्द्रीय कमिटीमा महासचिवले, आयोगमा सचिवले र मातहत कमिटीमा कमिटीका सचिवले अध्यक्षको अनुमति वा निर्देशन वा आपसी सल्लाहमा जुनसुकै बेला कमिटीको बैठक बोलाउन सक्ने छन्।

ख) कमिटीको नियमित बैठकको सम्बन्धमा केन्द्रीय कमिटी र केन्द्रीय निकायको सन्दर्भमा कम्तीमा ७ दिन र मातहतका अन्य कमिटीको हकमा कम्तिमा ५ दिन अगावै कमिटीका पदाधिकारी र सदस्यहरुलाई सूचना दिई बैठकको मिति, समय र स्थानको सूचना गर्नु पर्ने छ।

ग) नियमित वा तोकिए अनुसार समयमा कमिटीको बैठक नभएमा वा विशेष बैठकको माग गर्नु पर्ने भएमा कमिटीका एक तिहाई सदस्यले हस्ताक्षर सहित कमिटीका अध्यक्ष समक्ष बैठकको माग गर्न सक्ने छन्।

घ) पदाधीकारीको बैठक आवश्यकता अनुसार बस्ने छ।

ङ) सचिवालय कमिटीको बैठक आवश्यकता अनुसार बस्ने छ।

च) स्थायी कमिटीको बैठक ६ महिनामा एक-पटक बस्ने छ तर आवश्यक्ता अनुसार यसभन्दा छिटो पनि बस्न सक्ने छ।

छ) केन्द्रीय कमिटीको बैठक सामान्यतया प्रत्येक ४ महिनामा बस्ने छ ।

ज) आयोगहरुको बैठक सामान्यतया ६ महिनामा बस्ने छ, तर आवश्यक्ता अनुसार यसभन्दा छिटो पनि बस्न सक्ने छ ।

झ) केन्द्रीय विभागहरूको बैठक प्रत्येक १/१ महिनामा बस्ने छ ।

ञ) प्रदेश कमिटीको बैठक २/२ महिनामा बस्ने छ ।

ट) जिल्ला कमिटी लगायत अन्य कमिटी (महानगर, उपमहानगर, नगर, गाउँपालिका, वडा र टोल) हरुको बैठक कम्तीमा महिनाको एक पटक बस्नु पर्ने छ ।

ठ) हरेक बैठकको सामान्य बहुमत ५१ प्रतिशत र दुई तिहाई बहुमत ६७ प्रतिशतलाई मानिने छ ।

ड) निर्वाचित कमिटीको बैठकमा निरन्तर २ वटा वा सोभन्दा बढी बैठकहरुमा कमिटीलाई जानकारी विना अनुपस्थित रहेमा कमिटीको सदस्यबाट बिदा दिन सकिने छ । साथै विना जानकारी वैठकमा अनुपस्थित रहेमा संघले लिखित/मौखिक स्पष्टीकरण लिनेछ ।

ढ) विधानले निर्दिष्ट गरेको समय अनुसार बैठक बस्नु पर्ने अवधिको कम्तीमा दुई पटक सरहको अवधिसम्म पनि कमिटीको बैठक नबसेमा सम्बन्धित कमिटीका एक तिहाई सदस्यहरुले बैठक माग गर्न सक्ने छन् । यसरी बैठक माग भएमा नेतृत्वले केन्द्रमा १ महिना र मातहतमा १५ दिनभित्र तत् कमिटीको बैठक बोलाउनु पर्ने छ ।

ण) हरेक कमिटीको गणपुरक संख्या ५१ प्रतिशत मानिने छ ।

## भाग-१०

धारा ३८. राजीनामा, पद रिक्तता, निलम्बन, पदपूर्ति र मनोनयन :

धारा ३८.१ राजीनामा :

क) कुनै पनि साधारण सदस्यले आफूलाई सदस्यता दिने कमिटी समक्ष र कमिटीका सदस्यहरूले तत् कमिटी अध्यक्ष र अध्यक्षले उपाध्यक्ष समक्ष लिखित राजीनामा पेश गर्न सक्ने छ ।

ख) यसरी पेश भएको राजीनामा सामान्यतः स्वीकृत हुनेछ तर विशेष परिस्थितिमा कमिटी वा राजीनामा स्वीकृत गर्नु पर्ने व्यक्तिले अस्वीकृत गर्न पनि सक्ने छ ।

ग) माथि जेसुकै लेखिएको भए ता पनि कुनै ब्यक्ति माथि लिखित आरोप लागि छानविन भईरहेको अवस्थामा उक्त विषय किनारा नलागेसम्म राजीनामा दिन वा स्वीकृत हुने छैन ।

धारा ३८.२ पद रिक्तता :

क) कुनै पनि कमिटीको सदस्यको सदस्यता अवधि समाप्त भएमा, निष्कासित वा कारबाही भएमा, राजीनामा स्वीकृत भएमा, मृत्यु भएमा वा मानसिक सन्तुलन गुमाएको प्रमाणित भएमा निजको पद रिक्त भएको मानिने छ ।

ख) कमिटीमा चुनिएका पदाधिकारी वा सदस्यहरूको हकमा उमेर अवधिको कारण सदस्यता अवधि समाप्त भएमा (४० वर्ष- ३९ वर्ष ११ महिना २९ दिन पुगेपछि) र बैठक विना जानकारी निरन्तर २ वटा वैठकमा अनुपस्थित भएमा स्वतः पद रिक्त हुनेछ ।

धारा ३८.३ निलम्बन :

क) कुनै सदस्यको सम्बन्धमा संगठनमा वा पार्टीमा वा राज्यका कुनै निकायमा लिखित मुद्दा दर्ता भई बहस, छलफल र आवश्यक छानबिनको प्रकृयामा रहेको अवस्थामा सम्बन्धित कमिटीले विषयको किनारा नलागेसम्म निलम्बन गर्न सक्नेछ ।

ख) मुद्दा किनारा लागि सफाइ पाएमा निलम्बित पदमा पुनर्बहाली हुनेछ तर निर्वाचित कमिटीको अधिवेशन भइसकेको अवस्थामा यो लागू हुने छैन ।

धारा ३८.४ पदपूर्ति तथा मनोनयन :

क) केन्द्रीय कमिटीको हकमा केन्द्रीय कमिटीले र अन्य कमिटीको हकमा सम्बन्धित कमिटीको बहुमतले रिक्त भएको स्थानमा पदपूर्ति गर्ने छ ।

ख) केन्द्रीय कमिटी सहित मातहतका कमिटीहरूमा कमिटीको पूर्ण बैठकको बहुमतले कुनै पनि बेला कमिटीको अधिवेशनबाट निर्वाचित कूल संख्याको १० प्रतिशत नबढने गरी कमिटीमा मनोनयन गर्न सक्ने छन् ।

ग) तत् कमिटीमा मनोनित गर्दा सम्बन्धित कमिटीको अधिवेशनबाट निर्वाचित हुन योग्यता पुगेको हुनु पर्ने छ ।

धारा ३९. पद तथा गोपनियताको सपथ : पद तथा गोपनियताको सपथ अनुसूची ४ मा उल्लेख गरे अनुसारको ढाँचामा रहने छ । नयाँ सदस्यता प्राप्त वा संघको नयाँ जिम्मेवारी प्राप्ति वा कुनै पनि तहको कमिटीमा निर्वाचित हुनेहरूले अध्यक्ष मण्डल वा माथिल्लो कमिटीका प्रतिनिधि समक्ष प्रत्येक सदस्य वा पदाधिकारीले अनिवार्य रुपले उक्त सपथ ग्रहण गर्नु दायित्व हुनेछ र सपथ ग्रहण गरे पश्चात औपचारिक रुपमा जिम्मेवारी वा सदस्यता प्राप्त भएको मानिने छ ।

धारा ४०. कार्यालय :

क) यस संघको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहने छ ।

ख) अन्य तहका कमिटीहरूको कार्यालयहरू सम्बन्धित कमिटीले आफ्नो कार्य क्षेत्रभित्र तोकेको स्थानमा रहने छ ।

धारा ४१. अन्य संगठन सँग एकता :

क) समान विचार, सिद्धान्त, नीति कार्यक्रम र कार्यशैली मिल्ने संगठनसँग पार्टीको पूर्व स्वीकृति लिई एकता गर्न सकिने छ । एकताको प्रक्रिया र संरचना केन्द्रीय कमिटीले गरेको निर्णय अनुसार हुने छ ।

२२. नियम/उपनियम र व्याख्या :

क) राष्ट्रिय युवा संघ नेपालको केन्द्रीय कमिटीले विधानसँग नबाझिने गरी राष्ट्रिय युवा संघ नेपालको कामलाई व्यवस्थित गर्न नियम, उपनियम, कार्यविधि र निर्देशिका बनाउन सक्ने छ ।

(ख) विधानको व्याख्या केन्द्रीय कमिटीले गर्ने छ ।

अनुसूची १. छाप र लोगो : धारा ७ अनुसार संघको छाप र लोगो तल उल्लेख गरेअनुसार रहने छ -

(क) छाप

(ख) लोगो

अनुसूची २. सदस्यता फारम : धारा १० को उपधारा २ को (क) अनुसारको सदस्यता फारम तल उल्लेख गरिए अनुसार हुने छ-

अनुसूची-२ क)

# सदस्यता आवेदन पत्र

## राष्ट्रिय युवा संघ नेपाल

विधानको धारा १० (२) संग सम्बन्धित

फोटो

अटो साइजको दुई प्रति

क. अध्यक्ष/संयोजक

...........................................कमिटी,

मिति : ..... ..... .....

राष्ट्रिय युवा संघ नेपाल

म यस संघको सिद्धान्त, कार्यक्रम, नीति र विधानलाई निसर्त रुपमा पालना गर्न मञ्जुर गर्दछु । मैले संघको विधानमा उल्लेखित मापदण्ड पूरा गरेकोले सदस्यता प्रदान गरियोस् भनी अनुरोध गर्दछु । मेरो व्यक्तिगत विवरण निम्नानुसार छ -

१. नाम, थर : ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ....

२. जन्म मिति : ..... ..... ..... ..... ..... ..... .....

३. स्थायी ठेगाना : ..... ..... ..... ..... ..... ..... ..... ..... .......

४. अस्थायी ठेगाना : ..... ..... ..... ..... .....

५. लिङ्ग : ..... ..... ..... ..... ..... ..... ..... ..... .....

६. ना.प्र.नं./जिल्ला : ..... ..... ..... ..... .....

७. औपचारिक शिक्षा : ...... ..... ..... ..... ..... ..... ........ ..... .

८. आमाको नाम ....... ......... ..........

९. बुबाको नाम : ..... ..... ..... ..... ..... ..... ..... ..... ..... .

१०. पेशा : ..... ..... ..... ..... ..... ..... ..... .....

११. मतदाता परिचयपत्र नं. : ..... ..... ..... ..... ..... ..... ..... ..... .

१२. मोबाइल नं. : ..... ..... ..... ..... .......

१३. राष्ट्रिय परिचयपत्र नं...... ..... ..... ..... ..... .......... ..... .....

१४. इमेल आइडी : ..... ..... ..... ..... .....

१५. संक्षिप्त राजनीतिक पृष्ठभूमि :..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..

..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... .....

..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... .....

..........................

आवेदकको हस्ताक्षर

**सिफारिसकर्ता** :

नाम : .......................................

कमिटी र पद : .......................................

संघको सदस्यता नं : .......................................

हस्ताक्षर :.......................................................

सिफारिस मिति : .......................................

अनुसूची-२ ख)

सदस्यता लिन इच्छुक योग्यता पुगेका व्यक्तिहरुले संघको आधिकारिक वेवसाईटबाट अनलाईन सदस्यता माग फारम भर्न सक्नेछन् ।


अनुसूची ३. सदस्यता कार्ड (पत्र) : क) धारा १० को उपधारा २ को (ख) अनुसारको सदस्यता कार्ड (पत्र) निम्न ढाँचामा रहने छ-


"न्यायप्रेमी युवाहरु राष्ट्रिय युवा संघमा
सामाजिक परिवर्तन युवाको काँधमा"
राष्ट्रिय युवा संघ, नेपाल

स.नं.
नामः ...
ठेगानाः ...
कमिटि/पदः ...
जन्म मितिः ... रक्त समूहः ...
फोन नं.: ...
ईमेलः ...
जारी मितिः ...
सदस्यको हस्ताक्षरः ...

"न्यायप्रेमी युवाहरु राष्ट्रिय युवा संघमा
सामाजिक परिवर्तन युवाको काँधमा"
राष्ट्रिय युवा संघ, नेपाल
केन्द्रीय कार्यालय, काठमाडौं
सदस्यता-पत्र

स.नं.
नामः ...
ठेगानाः ...
जन्म मितिः ... फोन नं.: ...
कमिटी/पद ...
जारी मितिः ... रक्त समूहः ...
ईमेलः ...


| नविकरण मिति | नविकरण गर्नेको नाम | पद/कमिटी | हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

सदस्यता प्रदान गर्नेः
नामः ...
पद/कमिटिः ...
जारी मितिः ...
हस्ताक्षर ...

सदस्यता प्रदान गर्नेः
नामः ...
पदः ...
कमिटिः ...
जारी मितिः ...
हस्ताक्षर ...

ख) वेवसाईटबाट सदस्यता फारम भरेका व्यक्तिहरुलाई सदस्यता स्वीकृति भएपछि डिजिटल कार्ड प्राप्त हुनेछ ।

अनुसूची ४. धारा ३९ अनुसारको पद तथा गोपनीयताको सपथ ग्रहण निम्न ढाँचामा रहने छ : कुनै पनि तहको कमिटीमा निर्वाचित हुनेहरूले अध्यक्ष मण्डल वा माथिल्लो कमिटीका प्रतिनिधि समक्ष निम्न व्यहोराको शपथ गर्नु पर्ने छ-

क) म ....... राष्ट्रिय युवा संघ नेपालको .............. पदमा रही संघको विधान र कार्यक्रमहरूलाई निःशर्त रुपमा पालना गर्दै यस संघको लक्ष्य प्राप्तिको लागि निरन्तर अघि बढिरहने छु ।

ख) म जस्तोसुकै कठिन परिस्थितिमा पनि यस संघको मर्यादा, आचरण, सञ्चालन पद्धति, अनुशासन र गोपनीयतालाई कडाईका साथ पालना गर्ने छु ।

ग) म आफ्नो व्यक्तिगत हितलाई यस संघको हितको अधिनस्त राख्ने छु ।

घ) म समाजवादी समाज र राष्ट्रिय पुँजी निर्माणको उद्देश्यलाई ध्यानमा राख्दै अनिवार्य रुपले कुनै न कुनै उत्पादनका कार्यमा जोडिने छु र आफ्नो आम्दानीको निश्चित प्रतिशत सरकारलाई राजश्व तिर्नेछु ।

राष्ट्रिय युवा संघ नेपाल- जिन्दवाद !


नेकपा (एमाले)- जिन्दवाद !

वीर सहिदहरू- अमर रहून् !

जनताको बहुदलीय जनवाद- जिन्दावाद !

संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल- जिन्दवाद !!!

## अनुसूची ५. **सांगठनिक संरचना**



अनुसूची ६.

केन्द्रीय कमिटीको निर्वाचन क्षेत्र

**राष्ट्रिय युवा संघ नेपाल, नवौं महाधिवेशन**

**१. पदाधिकारी (१७ जना)**

- अध्यक्ष-१
- उपाध्यक्ष-७
- महासचिव-१
- उपमहासचिव-२
- सचिव-६

| | **१-३ निर्वाचन क्षेत्र भएका जिल्ला**<br>(३ जना : १ महिला, १ समावेशी, १ खुला) | **४ वटा निर्वाचन क्षेत्र देखि माथि निर्वाचन क्षेत्र भएका जिल्ला** (४ जना : १ महिला, १ समावेशी, १ खुला) | **जिल्ला गत प्रतिनिधि** | **जम्मा संख्या** |
|---|---|---|---|---|
| **कोशी प्रदेश (१४ जिल्ला)** | १. इलाम<br>२. पाँचथर<br>३. ताप्लेजुङ<br>४. धनकुटा<br>५. तेह्रथुम<br>६. भोजपुर<br>७. सङ्खुवासभा<br>८. उदयपुर<br>९. खोटाङ<br>१०. ओखलढुङ्गा<br>११. सोलुखुम्बु | १२. सुनसरी<br>१३. झापा<br>१४. मोरङ | ३×११=३३<br>४×३=१२ | ४५ जना |
| **मधेश प्रदेश (८ जिल्ला)** | | १. धनुषा<br>२. महोत्तरी<br>३. सर्लाही | ४×८=१२ | ३२ जना |

| | | | | |
|---|---|---|---|---|
| | | ४. सप्तरी<br>५. सिराहा<br>६. रौतहट<br>७. बारा<br>८. पर्सा | | |
| **बागमती प्रदेश (१३ जिल्ला)** | १. भक्तपुर<br>२. काभ्रेपलाञ्चोक<br>३. धादिङ<br>४. नुवाकोट<br>५. सिन्धुपाल्चोक<br>६. रसुवा<br>७. रामेछाप<br>८. दोलखा<br>९. सिन्धुली<br>१०. मकवानपुर<br>११. ललितपुर<br>१२. चितवन | १३. काठमाडौँ | ३×१२=३६<br>४×१=४ | ४० जना |
| **गण्डकी प्रदेश (११ जिल्ला)** | १. गोर्खा<br>२. तनहुँ<br>३. स्याङ्जा<br>४. लमजुङ<br>५. मनाङ<br>६. मुस्ताङ<br>७. पर्वत<br>८. बागलुङ | | ३×११=३३ | ३३ जना |

| | | | | |
|---|---|---|---|---|
| | ९. म्याग्दी<br>१०. नवलपुर<br>११. कास्की | | | |
| **लुम्बिनी प्रदेश (१२ जिल्ला)** | १. नवलपरासी (पश्चिम)<br>२. पाल्पा<br>३. अर्घाखाँची<br>४. गुल्मी<br>५. प्युठान<br>६. रुकुम (पूर्वी भाग)<br>७. रोल्पा<br>८. बर्दिया<br>९. कपिलवस्तु,<br>१०. दाङ<br>११. बाँके | १२. रूपन्देही | ३×११=३३<br>४×१=४ | ३७ जना |
| **कर्णाली प्रदेश (१० जिल्ला)** | १. रुकुम (पश्चिम भाग)<br>२. सल्यान<br>३. सुर्खेत<br>४. दैलेख<br>५. जाजरकोट<br>६. डोल्पा<br>७. जुम्ला<br>८. कालिकोट<br>९. मुगु<br>१०. हुम्ला | | ३×१०=३० | ३० जना |
| **सुदूरपश्चिम प्रदेश (९ जिल्ला)** | १. डोटी<br>२. अछाम | ९. कैलाली | ३×८=२४<br>४×१=४ | २८ जना |

| | | | | |
|---|---|---|---|---|
| | ३. बाजुरा<br>४. बझाङ<br>५. डडेल्धुरा<br>६. बैतडी<br>७. दार्चुला<br>८. कञ्चनपुर | | | |
| **विशेष प्रदेश ( अन्तरजिल्ला,** | १. अन्तरजिल्ला | | ५ | ५ जना |
| **केन्द्रीय कार्यालय क्षेत्र** | | | १४ | १४ जना |
| | | | | जम्मा : २४५+१७+२४ = २८१ |

## २. कोशी प्रदेश

क. १- निर्वाचन क्षेत्र भएका जिल्ला (३ जना : १ महिला, १ समावेशी, १ खुला) ९×३=२७

- पाँचथर
- ताप्लेजुङ
- धनकुटा

- तेह्रथुम
- भोजपुर
- सङ्खुवासभा
- खोटाङ
- ओखलढुङ्गा
- सोलुखुम्बु

ख. २-४ निर्वाचन क्षेत्र भएका जिल्ला (४ जना : १ महिला, १ समावेशी, २ खुला) ३×३=९

- इलाम
- उदयपुर
- सुनसरी

ग. ५ भन्दा धेरै निर्वाचन क्षेत्र भएका जिल्ला (४ जना : १ महिला, १ समावेशी, २ खुला) ४×२=८

- झापा
- मोरङ

**३. मधेश प्रदेश**

क. २-४ भन्दा धेरै निर्वाचन क्षेत्र भएका जिल्ला (४ जना : १ महिला, १ समावेशी, २ खुला) ३×८=२४

- धनुषा
- महोत्तरी
- सर्लाही
- सप्तरी
- सिराहा

- रौतहट
- बारा
- पर्सा

**४. बागमती प्रदेश**

क. १ निर्वाचन क्षेत्र भएका जिल्ला (३ जना : १ महिला, १ समावेशी, १ खुला) ३×२=६

- रसुवा
- रामेछाप
- दोलखा

ख. २-४ निर्वाचन क्षेत्र भएका जिल्ला (४ जना : १ महिला, १ समावेशी, २ खुला) ९×३=२६

- सिन्धुली
- सिन्धुपाल्चोक
- काभ्रेपलाञ्चोक
- भक्तपुर
- ललितपुर
- धादिङ
- नुवाकोट
- मकवानपुर
- चितवन

ग. ५ भन्दा धेरै निर्वाचन क्षेत्र भएका जिल्ला (१×४=४)

- काठमाडौँ

**५. गण्डकी प्रदेश**

क. १ निर्वाचन क्षेत्र भएका जिल्ला

- लमजुङ
- मनाङ
- मुस्ताङ
- पर्वत
- म्याग्दी

ख. २-४ निर्वाचन क्षेत्र भएका जिल्ला (४ जना : १ महिला, १ समावेशी, २ खुला)

- स्याङ्जाकक
- कास्की
- बागलुङ
- तनहुँ
- गोर्खा
- नवलपुर
-

**८. लुम्बिनी प्रदेश**

क. १ निर्वाचन क्षेत्र भएका जिल्ला

- रुकुम (पूर्वी भाग)
- रोल्पा
- प्युठान
- अर्घाखाँची

ख. २-४ निर्वाचन क्षेत्र भएका जिल्ला (४ जना : १ महिला, १ समावेशी, २ खुला)

- गुल्मी
- पाल्पा
- नवलपरासी (सुस्ता पश्चिम)
- कपिलवस्तु
- दाङ

- बर्दिया
- बाँके

ग. ५ भन्दा धेरै निर्वाचन क्षेत्र भएका जिल्ला (१×४=४)

- रूपन्देही

**६. कर्णाली प्रदेश**

क. १ निर्वाचन क्षेत्र भएका जिल्ला

- रुकुम (पश्चिम भाग)
- सल्यान
- जाजरकोट
- डोल्पा
- जुम्ला
- कालिकोट
- मुगु
- हुम्ला

ख. २-४ भन्दा धेरै निर्वाचन क्षेत्र भएका जिल्ला

- दैलेख
- सुर्खेत

**७. सुदूरपश्चिम प्रदेश**

क. १ निर्वाचन क्षेत्र भएका जिल्ला (३ जना : १ महिला, १ समावेशी, १ खुला)

- दार्चुला
- बैतडी
- बाजुरा

- डडेल्धुरा
- डोटी
- बझाङ

ख. २-४ निर्वाचन क्षेत्र भएका जिल्ला (४ जना : १ महिला, १ समावेशी, २ खुला)

- अछाम
- कञ्चनपुर

ग. ५ भन्दा धेरै निर्वाचन क्षेत्र भएका जिल्ला (४ जना : १ महिला, १ समावेशी, २ खुला)

- कैलाली

bidhan 2079 (12) (1).pdf